सर्पले टोकेको अवस्थामा ध्यान दिनुपर्ने कुराहरू
- सर्पले टोकेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले टोकेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- सवारीसाधनमा घाइतेलाई बसाएर सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं,
- गलत परम्परागत उपचार विधि (झारफूक)तिर नलागौं,
- आफ्नोनजीक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक

epateekdaily.com



निशुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
epateekdaily.com

❖ वर्ष ३६ ❖ २०८० वैशाख २५ गते सोमवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 May 08 Monday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २४७

## सक्कली नोटको अभाव, नक्कली नोटको बिगबिगी

प्रस, वीरगंज, २४ वैशाख/

वीरगजलगायत आसपासका क्षेत्रमा नेपाली नक्कली नोट छ्याप्छ्याप्ती भेटिन थालेको व्यापारीहरूले बताएका छन्।



तस्वीरः फाइल

देशको अर्थतन्त्र धराशयी भइरहेको बेला नेपाली बजारमा सक्कली नोटको अभाव भएको मौका छोपी नक्कली नोटको कारोबार बढेको छ । नक्कली नोटको कारोबार गर्नेहरूको चहलपहल बढेको छ।

स्रोत अनुसार वीरगंज, कलैया, सिमरा, जीतपुर र पर्सा जिल्लाका ग्रामीण भेगमा १० करोडभन्दा बढी नेपाली नक्कली नोटको कारोबार भएको स्रोतको दाबी छ। सोझासाझा व्यक्तिहरूको हातहातमा नक्कली नोट भेटिन थालेको छ । अस्पतालदेखि किरानापसलमा नक्कली नोट पुगेको स्रोतको भनाइ छ।

तरकारी वा सामान किन्न आएका सर्वसाधारणले नक्कली नोट दिएको देख्दा पसलेहरूले सोझा जनतालाई फसाउनुको सट्टा सचेत गराएर पठाउने गरेको एकजना पसलेले बताए। सर्वसाधारणले नक्कली नोट दिंदा पसलेहरूले नोट पहिचान गर्ने र सोझा ग्राहकलाई किन फसाउने बरु नक्कली नोट हो लुकाएर लैजानुस् भन्न थालेको उनले बताए।

यस भेगमा नक्कली नोटको बिगबिगी भएकोबारे पर्सा प्रहरीले पनि पुष्टि गरिसकेको छ। वैशाख २० गते सूचनाको आधारमा प्रहरीले वीरगंज, बाइपास सडकबाट चार लाख ८६ हजार नक्कली नोटसहित दुईजनालाई पक्राउ गरेको थियो। बिआर०१ पिजी ६५७७ नम्बरको स्कार्पियो चेकजाँच गर्ने क्रममा प्रहरीले एक हजार र पाँच सयका नक्कली नोटसहित सर्लाही गोडैता नगरपालिका–१२ मधुवनी निवासी आनन्दवर्दन सिंह र बारा, परवानीपुर गाउँपालिका–३ निवासी ओमप्रकाश साहलाई पक्राउ गरेको थियो।

त्यसैगरी, चैत १८ गते पर्साको जगरनाथपुर गापा–४ बाट पाँच सयको नक्कली नोटसहित तीनजना नाबालकलाई पर्सा प्रहरीले पक्राउ गरेको थियो। ती नाबालकहरूले स्थानीय पसलमा सामान किन्न गएको बेला पसलेले नक्कली नोट चिनेपछि प्रहरीको जिम्मा लगाएका थिए।

यी घटनाले नेपाली नक्कली नोटको सञ्जाल पर्साका गाउँगाउँसम्म पुगिसकेको पुष्टि गरेको छ।

## सुक्खा बन्दरगाह भन्सार कार्यालयको राजस्व घट्यो

नितेश कर्ण, वीरगंज, २४ वैशाख/

सुक्खा बन्दरगाह भन्सार कार्यालय,





तस्वीरः फाइल

वीरगंजको राजस्व स्वात्तै घटेको छ। वैशाख महीनाको लक्ष्य पाँच अर्ब ८६ करोड ४४ लाख २५ हजार ४७७ रहेकोमा वैशाख १४ गतेसम्म एक अर्ब ४७ करोड ६३ हजार ९६४ मात्र सङ्कलन भएको छ।

यसैगरी, आव २०७९/८० को वैशाखसम्मको लक्ष्य ५५ अर्ब २९ करोड १० लाख सात हजार ३४५ रहेकोमा वैशाख १४ सम्म ३३ अर्ब ४४ करोड ४६ लाख ६२ हजार २१५ मात्र सङ्कलन भएको छ। प्रतिशतको हिसाबले यो रकम ६०.४९ प्रतिशत रहेको सुक्खा बन्दरगाह भन्सार कार्यालयका प्रवक्ता सन्तोष न्यौपानेले बताए।

चालू आवमा भन्सार राजस्व सङ्कलनको लक्ष्य ६६ अर्ब ४३ करोड ८६ लाख ९४ हजार ९१८ छ। वैशाख १४ गतेसम्म सुक्खा बन्दरगाहले वार्षिक लक्ष्यको ४९.५९ प्रतिशत मात्र राजस्व सङ्कलन गर्न सकेको प्रवक्ता न्यौपानेले बताए। सुक्खा बन्दरगाहले चालू आवमा लक्ष्य उठाउने सम्भावना त कमै छ, निकै कम राजस्व सङ्कलन हुने तथ्याङ्कले देखाउँछ। असार मसान्तसम्म लक्ष्यका लागि सुक्खा बन्दरगाहले ३३ अर्ब ९९ करोड ४० लाख ३२ हजार ७०२ उठाउनुपर्नेछ तर करीब १० महीनामा आधा मात्र राजस्व सङ्कलन गर्न सकेको सुक्खा बन्दरगाहले असार मसान्तसम्म लक्ष्य उठाउने सम्भावना छैन।

## पर्साका ग्रामीण किसानहरू मकैखेतीतर्फ आकर्षित

प्रस, सेढवा, २४ वैशाख/

पर्साका ग्रामीण किसानहरू



तस्वीरः फाइल

मकैखेतीतर्फ आकर्षित भएका छन्।

यस क्षेत्रका ठोरी, जीराभवानी र पटेर्वासुगौली गाउँपालिकामा विगतको तुलनामा मकैखेती गर्ने किसानहरू बढेका छन्, जसले गर्दा मकैखेतीको क्षेत्रफल पनि बढेको छ। ठोरी गापा कृषि शाखा प्रमुख चन्दनभैया थारूले गापामा करीब चार सय हेक्टर जग्गामा मकैखेती गरिएको बताए। उनले किसानलाई पालिकाबाट आठ क्विन्टल हाइब्रिड जातको उन्नत बीउ ५० प्रतिशत अनुदानमा वितरण गरिएको बताए। यसका अलावा किसान आफैंले भारतीय तथा नेपाली बजारबाट बीउ खरीद गरी मकैखेती गरेको बताए।

जीराभवानी गापा–१ शान्तिनगरका रविमोहन सापकोटाले तोरीबाली काटेपछि खेत खाली भएकोले किसानहरूले थप एक बाली मकैखेती गर्ने गरेको बताए। मकैखेती गर्न सजिलो भएको र उत्पादन पनि राम्रो हुने भएकोले किसान मकैखेती गर्न आकर्षित भएको सापकोटाको भनाइ छ।

पटेर्वासुगौली गापा कृषि शाखा प्रमुख मोहन दासले पालिकाका पाँचवटै वडामा करीब ८० बिघा जमीनमा मकैखेती भएको बताए। किसानहरूको माग अनुसार ९०८१ र ३३५५ हाइब्रिड जातका मकैको बीउ ५० प्रतिशत अनुदानमा वितरण गरिएको उनले बताए।

जीराभवानी गापाको ४० हेक्टर जग्गामा मकैखेती भएको कृषि शाखा प्रमुख क्षत्रबहादुर गुप्ताले बताए।

कृषि ज्ञान केन्द्र, पर्साका बाली विकास अधिकृत सुरेश चौरसियाले विगतको तुलनामा यस वर्ष वसन्ते मकैखेती बढी भएको बताए। यस बालीबाट किसानले राम्रो मुनाफा कमाउन सक्ने उनको भनाइ छ। किसानले प्रतिकट्ठा तीनदेखि चार क्विन्टल मकै उत्पादन गर्न सक्ने र अहिले मकैको बजार भाउ रु तीन हजार पाँच सय प्रतिक्विन्टल रहेको अधिकृत चौरसियाले बताएका छन्।

## वीरगंजमा निमावि तहका शिक्षकहरूको सरुवा

प्रस, परवानीपुर, २४ वैशाख/

गुणस्तरीय एवं प्रभावकारी शिक्षण सिकाइको लागि महानगरपालिकाले वीरगंजको निमावि (आधारभूत) तहका प्रधानाध्यापकहरूको सरुवा गरेको छ।

गत बिहीवार करीब १५ वटा विद्यालयका प्रअहरूको सरुवा गरेर हुलाकमार्फत सम्बन्धित विद्यालयमा पत्राचार गरेको वीरगंज महानगरपालिका शैक्षिक महाशाखाले जनाएको छ।

यसअघि, तीन साताअगाडि वीरगंज मनपाको आधा दर्जनभन्दा बढी माध्यमिक विद्यालयका प्रअहरूको सरुवा भएको थियो।

महानगरको कार्यपालिका बैठक एवं शिक्षा समितिको बैठकबाट वीरगंजमा शैक्षिक गुणस्तर बढाउन लामो समयदेखि एउटै विद्यालयमा कामकाज गर्दै आएका प्रअहरूलाई ठाउँ परिवर्तन गरी शैक्षिक गुणस्तर बढाउने उद्देश्यले सरुवा गरिएको महानगरले जनाएको छ।

मावि विद्यालयका प्रअहरूको सरुवा अन्तर्गत त्रिजुद्ध माविका प्रअ हरेन्द्रप्रसाद कुर्मीलाई शारदा मावि, बहुअरी, सिद्धार्थ माविका प्रअ अनिल वर्णवाललाई नेराविमावि, श्रीपुरमा, श्रीपुर माविका प्रअ नवीन मिश्रलाई त्रिजुद्धमा, सुखचैना माविका रामनारायण मिश्रलाई सुरजीदेवीमा, अलौं माविका राजकुमार सिंहलाई बगही माविमा, बगही माविका राजेश्वर पाण्डेलाई सिद्धार्थमा, सुरजीदेवी माविका मनोज चौहानलाई पन्नालाल माविमा, पन्नालाल माविका अरविन्दलाल कर्णलाई भवानीपुर माविमा र भवानीपुर माविका हरिमाधव यादवलाई सुखचैना माविमा, शारदा माविका दयाकान्त झालाई अलौं माविमा, सोलखपुरका पुरुषोत्तम मिश्रलाई माईस्थानको साधारण शिक्षकमा, कोन्हिया माविका राजु मालीलाई सोलखपुर माविमा र माईस्थान विद्यापीठका शिक्षक दिनेश चौरसियालाई कोन्हिया माविमा र त्रिभुवनका राहत शिक्षक साबिर अहमद एराजलाई बहुअरीमा रहेको मदर्सामा प्रअको जिम्मेवारी दिई सरुवा गरिएको छ।

मावि विद्यालयका सरुवा नहुने प्रअहरूमा कन्या माविकी अनीता साह, त्रिभुवनका घनश्याम मिश्र, माईस्थानका मुर्तुजा हवारी, नृसिंह माविका विनोद मेहता, तौहिदुल मदर्साका अकबर हवारी रहेका छन्।

यसपछि, निमावि शिक्षकहरूको सरुवा गरिए तापनि उनीहरूको सूची सार्वजनिक भएको छैन। वीरगंज महानगरपालिकालगायत पर्सा जिल्लाका विभिन्न पालिकाहरूले मनपरी तरीकाले प्रअ तथा शिक्षकहरूको सरुवा गर्न थालेपछि नेपाल शिक्षक महासङ्घ, पर्सा विरोधमा उत्रिएको छ।

महासङ्घ, पर्साका अध्यक्ष तीर्थराज यादवले मङ्गलवार दिउँसो १ बजेपछि रामगढवास्थित कुर्मी धर्मशालामा पर्सा जिल्लाका सबै विद्यालयका प्रअहरूको भेला राखेर स्थानीय सरकारद्वारा शिक्षकमाथि भइरहेको विभेद अन्त्यको लागि छलफल राखिएको जानकारी गराए।

छलफलमा हुने निर्णय अनुसार पर्सेली शिक्षकको छाता सङ्गठन नेपाल शिक्षक महासङ्घ अघि बढ्ने तयारी रहेको उनले जानकारी गराए। साथै वीमनपामा सरुवा भएका निमाविका प्रअहरूलाई चिठीसमेत नबुझ्न ह्वीप जारी भएको उनले बताए।

## पार्टी निष्कासनको निर्णय बदर

प्रस, वीरगंज, २४ वैशाख/

नेकपा एमालेका महासचिव शङ्कर पोखरेलले विघठित एमाले पर्सा जिल्ला कमिटीका सचिव मनोज गुप्ता, सदस्यहरू यशवन्त यादव, वासुदेव महतो थारू, रामप्रीत महतो थारू, मौजीलाल साह कानूलाई तीन महीनाको लागि पार्टीबाट निष्कासन गरिएको निर्णय बदर गरिएको जनाएका छन्।

आइतवार विज्ञप्ति जारी गर्दै महासचिव पोखरेलले प्रतिनिधिसभा निर्वाचन समन्वय कमिटीका सचिव, प्रदेशसभा निर्वाचन कमिटीका संयोजक र छवटा पालिका अध्यक्षहरूले सम्बन्धित तहको निर्वाचनको समीक्षा नगरी तथा सम्बन्धित तहको कमिटीको जानकारी लिन तत्कालीन जिल्ला अध्यक्ष जयप्रकाश थारूको सिफारिशको आधारमा कारबाई गरेको र उक्त कारबाई विधिसम्मत नरहेको भनी पार्टी अध्यक्षलाई पत्राचारसमेत गरेको देखिंदा कारबाई बदर गरिएको जनाएका छन्।

निलम्बित सबैजनालाई आफ्नो जिम्मेवारी अनुसार पार्टीको काममा लाग्न उनले निर्देशन दिएका छन्। अभियोग तथा कारबाई सिफारिश सम्बन्धमा देखिएको विवादबारेमा आवश्यक छानबीनको लागि केन्द्रीय सङ्गठन विभागलाई तोकिएको महासचिव पोखरेलले जानकारी गराएका छन्। सोही समयमा एमाले मधेस प्रदेश कमिटीका उपाध्यक्ष रेवती पन्त, सदस्य बसरुद्दीन अन्सारीलगायतलाई पनि निलम्बन गरिएको थियो। तर उनीहरूको हकमा महासचिव पोखरेलले जारी गरेको विज्ञप्तिमा कुनै कुरा उल्लेख छैन। गत मङ्सिर ४ गते सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा एमालेका उम्मेदवारहरूविरुद्ध गतिविधिमा संलग्न भएको आरोपमा तत्कालीन जिल्ला कमिटीका अध्यक्ष जयप्रकाश थारूले तीन

(बाँकी अन्तिम पातामा)

## धोबिनी गापामा लगाइएको ताला खुल्यो

प्रस, पोखरिया, २४ वैशाख/

धोबिनी गाउँपालिकामा १६ दिनदेखि लगाइएको ताला आइतवार खोलिएको छ।

जिल्ला समन्वय समिति, पर्साका अध्यक्ष अजय सर्राफ नेतृत्वको टोलीले आज ताला खोलाएको हो।

विभिन्न कारण देखाइ नेपाली काङ्ग्रेसका नवनिर्वाचित जनप्रतिनिधिहरूले उक्त ताला लगाएकामा स्थानीयवासीहरूको काम अवरुद्ध भएकोले आज जिल्ला समन्वय समितिका पदाधिकारीहरूले पहल गरी उक्त ताला खोलाएको हो।

ताला खोलाउने क्रममा प्रहरी चौकी लङ्गडी, स्थानीय जनप्रतिनिधि, जिल्ला समन्वय समिति, पर्साका उपाध्यक्ष पुरन राउत कुर्मीलगायतको उपस्थिति थियो।

## प्रतीककर्मी सहनी राष्ट्रिय पत्रकारिता पुरस्कारबाट सम्मानित

प्रस, वीरगंज, २४ वैशाख/

राष्ट्रिय पत्रकारिता पुरस्कार–२०७९ बाट प्रतीककर्मी गम्भीरा सहनी पुरस्कृत भएका छन्।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले आइतवार राष्ट्रिय पत्रकारिता पुरस्कार र वरिष्ठ पत्रकार सम्मान कार्यक्रमको आयोजना गरी प्रतीक दैनिकका बारा विशेष संवाददाता गम्भीरा सहनीलाई पुरस्कृत गरेको हो।

सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले नगद रु एक लाख नगद राशि तथा ताम्रपत्रसहित पत्रकार सहनीलाई सम्मान गरेकी हुन्।

निष्पक्ष, उत्तरदायी, व्यावसायिक, खोजमूलक र विश्लेषणात्मक पत्रकारिताको माध्यमबाट राष्ट्रिय हितको प्रवर्द्धन गर्दै जनतालाई सुसूचित गराउने कार्यमा सहनीले पुऱ्याएको योगदानको कदरस्वरूप पुरस्कृत गरिएको हो।



## विचारसार र सूक्तिहरू

**मानव जीवनमा शारीरिक र मानसिक परिश्रमविना कुनै फल प्राप्त हुन सक्दैन। एकाग्र चित्त र महान् उद्देश्य भएका मानवले जे चाहन्छ, त्यो गर्न सक्छ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | राजाप्रसाद कुर्मी (आरके) |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: eprateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# बाघ संरक्षणमा नेपाल

**चितवन राष्ट्रिय निकुञ्जमा पछिलो सात वर्षमा ३० वटा बाघ मरेको विवरण सार्वजनिक भएको छ। मृत्यु भएका उक्त बाघको सङ्ख्या सरदर वार्षिक चारवटाभन्दा बढी हो। मुलुककै पहिलो र विश्वसम्पदा सूचीमा समेत सूचीकृत चितवन राष्ट्रिय निकुञ्जमा यो परिमाणले बाघ मृत्यु भएको फेला पर्नु चिन्ताको विषय हो। चित्त बुझाउने विषय के छ भने यसरी मृत्यु भएका बाघहरू चोरी शिकारीको कारण नभई आन्तरिक कारणले मृत्यु भएका अधिक छन्। आपसमा जुधेर पाँचवटा, उपचारको क्रममा पाँचवटा, बिरामी भएर एउटा, अज्ञात कारणबाट पाँचवटा बाघको मृत्यु भएको छ भने र विष प्रयोगबाट तीनवटाको मात्रै मृत्यु भएको हो। यसरी हेर्दा चोरी शिकारी वा मानवको कारणले मृत्यु हुनेको सङ्ख्या कम देखिन्छ। योभन्दा अझ खुशीको कुरा के छ भने चालू आर्थिक वर्षको १० महीनामा एउटा पनि बाघ मरेको छैन। यसले बाघ संरक्षणप्रति हाम्रो मुलुकले सफलता हासिल गरिरहेको थप पुष्टि भएको छ।**


**मानव अतिक्रमणको असर संसारभर रह्यो। यसले करीब एक शताब्दीअघिसम्म विश्वमा एक लाखको हाराहारीमा रहेका बाघको सङ्ख्या तीन हजार दुई सयमा झऱ्यो। यो अवधिमा बाघका तीन उपप्रजाति त कहिल्यै नदेखिने गरी लोप भए। विशेष अभियान सञ्चालन नगर्ने हो भने बाघ विश्वबाटै लोप हुने खतरा बढेपछि सन् २०१० मा बाघ पाइने नेपाललगायत १३ वटा मुलुकका राष्ट्रप्रमुख तथा प्रतिनिधिहरूले रसियाको सेन्ट पिटर्सबर्गमा 'ग्लोबल टाइगर समिट' आयोजना गरे। शिखर सम्मेलनले सन् २०२२ सम्ममा विश्वमा बाघको सङ्ख्या दोब्बर बनाउने महत्त्वाकाङ्क्षी लक्ष्य सार्वजनिक गऱ्यो।**

**यो लक्ष्य हासिल गर्न मुख्यतः बाघको वासस्थान वृद्धि, आहारा बढाउने, बाघ–मानव द्वन्द्व व्यवस्थापन र अवैध चोरी–शिकारी तथा बाघका अङ्गको व्यापारमा नियन्त्रण गरिनु अत्यावश्यक छ भन्ने नेपालको ठहर थियो। सोहीअनुरूप अगाडि बढ्दा हाम्रो मुलुकले उल्लेखनीय सफलता हासिल गर्न सक्यो। सन् २०१० नेपालमा १२१ बाघ थिए, सन् २०१३ को गणनामा १९८ पुगेको थियो भने सन् २०१८ मा बाघको सङ्ख्या २३५ पुगेको थियो। सन् २०२२ को गणनामा यहाँ बाघको सङ्ख्या ३५५ पुगेको छ। यो सङ्ख्या सन् २०१० को भन्दा झन्डै तेब्बर बढी हो। यसले बाघ संरक्षणको सवालमा अध्ययन गर्न अन्य मुलुकका लागि नेपाल पाठशाला बनेको छ। जसले हाम्रो मुलुकको शाख उँचो भएको छ।**

**बाघ संरक्षणका लागि सफलतासँगै चुनौतीहरू पनि छन्। मुख्य चुनौती चोरी शिकार नै हो। सन् २०१० देखि अहिलेसम्म ४८ वटा बाघको छाला बरामद भएका छन्। यसले नेपालमा बाघ चोरी शिकारको चुनौती सकिएका छैनन् भन्ने देखाउँछ, कानूनी बाधा व्यवधानहरू पनि छन्। वन्यजन्तुको अपराध नियन्त्रणमा सरोकारवाला निकायहरूको सक्रियता र समन्वयबाट अपराधीहरू पक्रन सफलता मिलिरहेको भए तापनि पक्राउ परेका अभियुक्तहरूविरुद्धको मुद्दा अनुसन्धान र अभियोजन भने उति प्रभावकारी हुन सकेको छैन। दशी प्रमाणसहित पक्राउ परेका तस्करहरूसमेत मुक्त भई पुनः सोही धन्धामा लाग्ने गरेको पाइएको छ। वन्यजन्तु अपराधका मुद्दाको अनुसन्धानको पक्ष कमजोर हुँदा कानूनी छिद्रहरू प्रयोग गरी अपराधीहरूले उन्मुक्ति पाउने र पुनः अर्को अपराधमा संलग्न हुने गरेका छन्। चोरी शिकार पूर्णरूपले नियन्त्रण हुन सके अन्य चुनौतीहरूमा समस्या खासै रहँदैन।**

# संसदीय व्यवस्थाप्रति बढ्दो वितृष्णाको निहितार्थ

स्वतन्त्र विचार




श्रीमन्नारायण
an_shriman@yahoo.com


**सङ्घीयताको औचित्यमाथि चारैतिरबाट प्रश्न उठिरहेको अवस्थामा कमसेकम मधेस प्रदेशले पनि यसको सार्थकता साबित गर्न सक्नुपर्दछ। सबै दल सरकारमा मात्रै सहभागी हुने, मन्त्री बन्ने र सत्ता समीकरणको फेरबदलमा लागिरहने हो भने यसको भविष्य सुरक्षित रहनेछैन।**

संसदीय लोकतान्त्रिक व्यवस्थालाई विश्वकै सफलतम शासन प्रणाली मानिन्छ। अहिलेसम्म अस्तित्वमा आएका शासन प्रणालीहरूमध्ये यसभन्दा राम्रो व्यवस्था अर्को कुनै साबित भएको छैन। नेपालमा पनि विगत ३२ वर्षदेखि संसदीय लोकतान्त्रिक शासन प्रणाली नै रहिआएको छ। नेपाली जनताको प्रत्यक्ष मत प्राप्त गरेर आएका जनप्रतिनिधिहरूमार्फत नै देशको शासन व्यवस्था सञ्चालन हुँदै आएको छ। यहाँका जनताले देशका राजनीतिक दलहरूलाई सरकार चलाउन आवश्यक बहुमत पनि दिंदै आएका छन् तर देशका राजनीतिक दलहरूभित्रको अन्तरकलह, व्यक्ति सर्वोच्चताको लडाइँ, अहङ्कार तथा पदलोलुपताका कारण विगत ३२ वर्षमा २९ वटा प्रधानमन्त्रीले देशको शासन सम्हाल्नुपऱ्यो। स्थायी शान्ति र राजनीतिक स्थायित्वको अभावमा कुनै पनि देशले आर्थिक प्रगति गर्न सक्दैन भन्ने तीतो यथार्थबाट अवगत भएर पनि देशका राजनीतिक दलहरू कहिल्यै सच्चिन तयार भएनन्। संसदीय व्यवस्थाकै कारण आफूहरू पटक–पटक प्रधानमन्त्री, मन्त्री र सांसद बन्न पाएको भन्ने कुराको अनुभूति पनि नेपालका राजनीतिज्ञहरूलाई रहेन। संसद्लाई उपेक्षा गरेर, सत्तालाई मात्रै महत्त्व दिने काम हुँदै आएको छ। नेपाली राजनीतिको सबैभन्दा दुःखद आश्चर्य यो हो कि संसदीय व्यवस्थाको मान्यतालाई स्वार्थ अनुसार व्याख्या र प्रयोग गरिंदा नै आजसम्म यो व्यवस्थाले स्थिरता प्राप्त गर्न सकेन। सङ्घीय संसद्कै रोग प्रदेशतिर पनि सरेको छ तथा प्रादेशिक सांसदहरूको अर्जुनदृष्टि पनि सरकारमैं सहभागिताप्रति लक्षित छ।

राजनीति भनेकै सत्ता हो र निर्वाचित जनप्रतिनिधिहरूको नैसर्गिक कर्तव्य नै मन्त्री बन्नु हो भन्ने मान्यता हाम्रो देशमा विकसित भइसकेको छ। तसर्थ जुन दलसित मिलेर भएपनि, जति दिनका लागि भएपनि र जस्तोसुकै अपवित्र सम्झौता गर्नुपरे पनि राजनीतिक दलहरू अन्यथा मान्दैनन्। गत मङ्सिरमा निर्वाचन सम्पन्न भएको पाँच महीना बितिसकेको छ। संसद्को उपलब्धि शून्य हुनु चिन्ताको विषय हो। संसद्ले पारित गर्नुपर्ने थुप्रै विधेयक छन्। जीवन्त संस्थाको रूपमा संसद्ले राज्यका अनेक निकायलाई समेत मार्गदर्शन गर्नुपर्छ। केवल बहुमत साबित गर्ने थलोको रूपमा यसलाई विकसित गर्ने काम भएको छ।

जनआन्दोलन–२ को सफलतापश्चात् नै कथित राष्ट्रिय सहमति कायम गर्ने नाममा देशका केही प्रमुख राजनीतिक दलका शीर्ष नेताहरूको नियमित संवाद एवं बैठकलाई उच्चस्तरीय राजनीतिक संयन्त्रको संज्ञा दिइयो। यस संयन्त्रले पहिलो र दोस्रो संविधानको उपेक्षा गऱ्यो। राष्ट्रिय सहमति कायम गर्ने नाममा संविधानसभामा सभासद्हरू दिनभर र कहिलेकाहीं रातभरि नै जागेर राजनीतिक संयन्त्रको निर्णयलाई कुरेर बस्थे। जबकि संयन्त्रको नतीजा भने शून्य आउने गर्थ्यो र यो क्रम धेरै लामो समयसम्म चलेको थियो। आखिर संविधानको निर्माण पनि सोही आधारमा भयो। संविधान जारी भएपछि पनि परिस्थितिमा तात्त्विक भिन्नता आएको छैन। संसद्को हैसियत बोधार्थ कार्यालयजस्तो भएको छ।

नयाँ सङ्घीय संसद् अस्तित्वमा आउने बित्तिकै संसदीय समितिहरूलाई प्रभावकारी बनाइनुपर्थ्यो। संसदीय समितिलाई मिनी संसद्को रूपमा लिइन्छ। विगतका दिनमा संसदीय समितिहरूको निकै महत्त्व हुने गर्थ्यो र सरकार डराउँथ्यो पनि। संसदीय समितिहरूमा व्यापक छलफल र चिन्तन हुन्थ्यो। समयसमयमा मन्त्रीहरूलाई बोलाइन्थ्यो। यदाकदा त प्रधानमन्त्री पनि आउँथे। संसदीय समितिहरूको निर्णय प्रभावकारी हुन्थ्यो। अब त संसद्प्रति नै जनप्रतिनिधिहरूको आकर्षण रहेको छैन। सांसदहरू केवल आफ्नो उपस्थिति जनाउन संसद् आउने र त्यसपछि आफ्नो निजी कारोबारमा लाग्छन्। अब राजनीतिमा आर्थिक र व्यापारिक स्वार्थ हाबी भएको छ। तस्कर, ठेकेदार, म्यानपावरका मालिक, निजी बैंक, सहकारी बैंक, उद्योगपति, व्यापारी र शेयरको कारोबारमा लागेकाहरू पनि राजनीतिमा आउन थालेका छन्। तिनको आर्थिक र व्यापारिक स्वार्थ निहित रहेको छ। संसद्को उपयोग होइन, प्रयोग भइरहेको छ। राजनीतिक दलका नेताहरू व्यापारी बन्दै गए, जबकि व्यापारीहरू राजनीतिज्ञ हुँदै गए। व्यापारीहरू राजनीतिमा पदार्पण गरेपछि राजनीतिबाट सेवाभाव समाप्त हुन जान्छ।

अहिले आएर उद्योगी, व्यापारी र म्यानपावर कम्पनीका मालिकहरू संसद्को अर्थ समितिमा सहभागी भइरहेका छन्। यसरी बैंक सञ्चालक र लघुवित्तका मालिकहरू संसद्को अर्थ समितिमा सहभागी भएपछि परिणाम कस्तो हुने हो? उद्योगी, व्यापारी र म्यानपावर कम्पनीका मालिकहरूको रोजाइ उद्योग, वाणिज्य र श्रम तथा उपभोक्ता हित समिति रहेको हुन्छ। ठेकेदारको रोजाइ पूर्वाधार तथा विकास समिति रहेको हुन्छ। निजी विद्यालयका सञ्चालकहरूको रोजाइ पनि आफ्नो व्यापारिक हित सम्बन्धित समिति रहेको हुन्छ। भ्रष्टाचारको आरोप लागेका, करोडौं–अर्बौं कर तिर्न बाँकी रहेका र ठूलठूला व्यापारीहरूको पहिलो रोजाइ सार्वजनिक लेखा समिति रहेको हुन्छ। आफ्नो कारोबार र व्यापारसँग मिल्ने समितिमा बसेर कानून निर्माणमा हस्तक्षेप गर्न नै यस्ता अनुहारहरू संसद्मा र यसको समितिमा आउने गर्छन्। तर दुर्भाग्य यस्ता अनुहारलाई संसद्मा पुऱ्याउने काम सबै दलले गर्दै आएका छन्। कोही प्रत्यक्षमा टिकट दिएर त कोही करोडौं रुपैयाँ दिएर समानुपातिक कोटाबाट संसद्मा छिर्ने गर्छन्। चुनावताका तिनकै पैसाबाट चुनाव लड्ने गरिन्छ। जनतालाई आर्थिकरूपले यति कमजोर, निरीह बनाउने काम भएको छ कि चुनावताका कसैले पाँच सय अथवा एक हजार रुपैयाँ दिंदा पनि तिनको पक्षमा मतदान गरिन्छ। जनता पनि खुलेरै चुनावमा आफ्नो निम्ति पैसाको माग गर्छ। राजनीतिमा निजी बैंक, अस्पताल, विद्यालय र उद्योगी, व्यापारीहरूको आगमन भएपछिको परिणाम यसभन्दा फरक अरू केही हुन सक्दैन। सङ्घीय संसद् जस्तै प्रादेशिक संसद्को बैठक पनि कमै भएको छ। प्रादेशिकस्तरमा कुरा गर्ने हो भने कोशी प्रदेशको नामकरणविरुद्धको आन्दोलनसँगै प्रदेशसभा ठप्प छ। १७ फागुनमा प्रदेशको नामकरण भएपछि अर्को सूचना जारी नभएसम्मका लागि प्रदेशसभा स्थगित भएको थियो। त्यसको ४२ दिनपछि चैत २९ मा अधिवेशन अन्त्य नै भइसकेको छ। अर्को अधिवेशन कहिले हुने हो त्यसको टुङ्गो लागेको छैन। कोशी प्रदेशसभाले सञ्चालन नियमावली पनि बनाउन सकेको छैन। नयाँ नियमावली नहुँदा कोशी प्रदेशसभामा विषयगत समिति पनि गठन भएन। कोशी प्रदेशसभाको पहिलो बैठक पुस १७ मा बसेको थियो। पहिलो हिउँदे अधिवेशनमा जम्मा १३ वटा बैठक बसे। प्रदेशको नामकरण भएपनि यसमा सहमति कायम हुन सकेन। केहीले विराट, त केहीले किराँत नामकरण गर्न दबाब दिइरहेका छन्। लिम्बुवान, खम्बुवान र मगरात पक्षधर पनि रहेका छन्। निकट भविष्यमैं प्रदेशसभाको बैठक आह्वान हुने सम्भावना छ।

सङ्घीयता जसको प्रमुख राजनीतिक मुद्दा रहिआएको छ, त्यस प्रदेशले पनि सन्तोषजनक काम गरेको छैन। मधेस प्रदेशसभाको पहिलो अधिवेशन प्रभावहीन बनेको छ। मङ्सिर ४ को निर्वाचनबाट अस्तित्वमा आएको प्रदेशसभाका आठवटा बैठक मात्र बसे पनि न विधेयक पारित भयो, न त संसदीय समिति नै गठन भएका छन्। पछिल्लोपटक चैत २८ गतेदेखि त प्रदेशसभा आह्वान नै भएको छैन। पाँचवटा प्रदेशमा सरकार परिवर्तन भएपनि मधेस प्रदेशमा जनता समाजवादी पार्टीकै सरकार छ। सत्ता साझेदार मात्रै फेरिएका छन्। मधेस सरकारले शुरूमा कम्तीमा पनि ११५ वटा कानून निर्माणको आवश्यकता औंल्याएको थियो। तर प्रदेशसभाको अघिल्लो कार्यकालमा ५५ वटा कानून बने। विगत पाँच वर्षमा देशमा कुनै एउटा प्रादेशिक सरकारको नेतृत्वले आफ्नो पाँच वर्षको कार्यकाललाई सफलतापूर्वक पूरा गर्न सक्यो भने त्यो मधेस प्रदेशकै सरकारले नै गर्ने हो। तत्कालीन मुख्यमन्त्री लालबाबूराउत गद्दीले आफ्नो पाँच वर्षे कार्यकाल पूरा गरे। सङ्घीयता मधेसी दलहरूको प्रमुख राजनीतिक मुद्दा रहेकोले कमसेकम मधेस प्रदेशको नेतृत्वकर्ता दलले सदनलाई सुचारु गर्नु र आवश्यक बिजनेश दिनु आवश्यक छ। प्रदेशसभा सक्रिय रहेमा नै सङ्घीयता पनि बलियो हुनेछ। सङ्घीयताको औचित्यमाथि चारैतिरबाट प्रश्न उठिरहेको अवस्थामा कमसेकम मधेस प्रदेशले पनि यसको सार्थकता साबित गर्न सक्नुपर्दछ। सबै दल सरकारमा मात्रै सहभागी हुने, मन्त्री बन्ने र सत्ता समीकरणको फेरबदलमा लागिरहने हो भने यसको भविष्य सुरक्षित रहनेछैन।

वाग्मती प्रदेशमा संसदीय समिति गठन नहुँदै हिउँदे अधिवेशन सकिएको छ। पुस १८ गतेदेखि सञ्चालन भएको प्रदेशसभाको दोस्रो कार्यकालको पहिलो अधिवेशनमा १८ वटा बैठक बसे। दुईवटा अध्यादेश र दुईवटा विधेयक पारित भएका छन्। बैठकले प्रदेश निजामती कर्मचारी र स्थानीय तहका कर्मचारीसम्बन्धी दुईवटा अध्यादेश प्रतिस्थापनसहित पारित गरेको छ। वैशाख १२ मा बसेको बैठकले मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन २०७६ को साबिकको व्यवस्था जगाउनेसम्बन्धी व्यवस्था गर्न बनेको विधेयक २०७९ प्रदेशस्तरको चिठा व्यवस्थापन तथा नियन्त्रण गर्ने सम्बन्धमा व्यवस्था गर्न विधेयक पास गरेको छ। यहाँ पनि संसदीय समितिहरू गठन हुन बाँकी नै रहेको छ। भागबन्डाका कारण सदन सुचारु होस् भन्ने पक्षमा मतैक्य देखिंदैन। गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिमको अवस्था पनि खासै फरक छैन। त्यहाँ पनि राजनीतिक अस्थिरताका कारण मन्त्रिमण्डलसमेतले पूर्णता पाउन नसकेको अवस्था छ। विधेयकहरू बन्न सकेनन्। सदनको सञ्चालन नियमितरूपमा होस् भन्ने चाहना राजनीतिक दलहरूको रहेको छैन। शायद त्यही भएर होला संसदीय व्यवस्थाप्रति जनतामा पनि वितृष्णा जागेको छ। सांसदहरूको ध्यान आफ्नो निजी व्यापार र कारोबारप्रति बढी केन्द्रित देखिन्छ।

# '१२ बुँदे जनकपुर घोषणापत्र' जारी गर्दै दलित महिलाको प्रदेश सम्मेलन सम्पन्न

जनकपुर, २४ वैशाख/रासस

दलित महिलाको प्रदेशस्तरीय सम्मेलन मधेसी दलित महिलामाथि हुने जातीय छुवाछूत तथा लैङ्गिक हिंसा न्यूनीकरणका लागि दलित सशक्तीकरण ऐन र नियमावलीको पूर्ण कार्यान्वयन गर्नुपर्नेलगायत '१२ बुँदे जनकपुर घोषणापत्र' जारी गर्दै सम्पन्न भएको छ। दलित महिला सङ्घ (फेडो)को आयोजनामा शनिवारदेखि जनकपुरधाममा शुरू भएको सम्मेलनले '१२ बुँदे जनकपुर घोषणापत्र' जारी गरी तत्काल कार्यान्वयनका लागि आग्रह गरेको सङ्घका महासचिव रेणु सिजापतिले पत्रकार सम्मेलनमा जानकारी दिइन्।

सम्मेलनले मधेस प्रदेशमा कार्यान्वयनमा रहेको दलित सशक्तीकरण ऐन, २०७६ र दलित सशक्तीकरण नियमावली, २०७८ मा गठन गर्ने भनिएका सम्पूर्ण समितिहरू यथाशीघ्र गठन गर्न र गठन भइसकेका समितिहरूलाई थप क्रियाशील बनाउन पनि माग गरेको छ।

त्यसैगरी, मधेस प्रदेश निजामती ऐन, २०७७ मा व्यवस्था भए अनुसार प्रदेश सरकारका हरेक संरचनामा मधेसी दलित महिलाको समानुपातिक प्रतिनिधित्व, रैथाने सीपको प्रवर्द्धन र बजारीकरणका लागि उचित व्यवस्था, भूमिहीन र आवासविहीन महिलाको समस्या समाधान गर्न भूमि आयोग बनाएर भूमि र आवासको यथाशीघ्र व्यवस्था गर्न पनि आग्रह गरिएको छ।

"नागरिकता नभएकाले अधिकांश दलित महिलाले राज्यका सेवासुविधाबाट वञ्चित हुनाका साथै अनागरिक भएर बाँच्नुपर्ने परेकाले विशेष कानून बनाएर नागरिकता दिलाउने पहल र दलित महिलाको शिक्षामा पहुँच बढाउन निश्शुल्क शिक्षा तथा छात्रावासको विशेष व्यवस्था गरियोस्," घोषणापत्रमा भनिएको छ, "स्वास्थ्यमा पहुँच बढाउन सूचना, सचेतना बढाउन र राजनीतिक सशक्तीकरणका लागि नेतृत्व तहमा समानुपातिक प्रतिनिधित्वको अभ्यास गरियोस्।"

त्यसैगरी, बालविवाह र दाइजो प्रथालगायतका कुरीति कुसंस्कारहरूलाई न्यूनीकरण, अन्तरजातीय विवाह गर्ने जोडीलाई प्रोत्साहन, संरक्षण, सामाजिक सुरक्षा तथा रोजगारको प्रत्याभूति राज्यले नै गर्नुपर्ने सम्मेलनले माग गरेको छ।

पत्रकार सम्मेलनमा सङ्घका संस्थापक अध्यक्ष दुर्गा शोबले प्रदेश तथा स्थानीय सरकारसँग सहकार्य र कतिपय अवस्थामा जवाफदेही बनाउन आवश्यक कार्य गर्ने उद्देश्यसहित सम्मेलनले नौ सदस्यीय प्रदेश समितिसमेत गठन गरेको जानकारी दिए। धनुषाकी रिङ्कुदेवी मण्डलको अध्यक्षतामा गठित कार्यसमितिको उपाध्यक्षमा भवनी महरा (सिराहा), कोषाध्यक्षमा सङ्गीता दास ९पर्सा० गरी आठवटै जिल्लाको

(बाँकी अन्तिम पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४४८

# नेपाली पत्रकारिताको जग बसालेका जयपृथ्वी

–भूमिराज पिठातोली
बझाङ, २४ वैशाख/रासस

नेपालमा पत्रकारिताको इतिहास हेर्दा विसं १९४३ मा फर्कनुपर्छ । युवाकवि मोतीराम भट्टले काशी (बनारस) पढ्न गएको बेलामा नेपाली भाषाको पत्रिका 'गोरखा–भारत जीवन' प्रकाशन गरेका थिए । त्यो पत्रिका दुई वर्षसम्म चल्यो । उनी नेपाल फर्किएपछि 'मोतीमण्डली' टोली बनाएर पत्रिकाको तयारी गरे । विसं १९५३ मा मोतीरामको निधन भएपछि १९५५ सालमा मोतीमण्डलीले 'सुधासागर' पत्रिका प्रकाशनमा ल्यायो, तर त्यसलाई तत्कालीन सरकारले मान्यता भने दिएन ।

विसं १९५८ मा तत्कालीन बझाङी राजा जयपृथ्वीबहादुर सिंह २४ वर्षका थिए । त्यो समयमा सरकारलाई चेतना जगाउन जो कोहीले सक्दैनथे । आफ्ना नातेदार तथा भारदारबाहेक राणाको नजरमा विरलै मान्छे पर्थ्ये । जयपृथ्वीबहादुर सिंह त्यस बेलाका अध्येता तथा लेखक राजाको नामले चिनिनथिए । नातेदार भएकै कारण प्रधानमन्त्री देवशमशेर राणाले सिंहलाई सल्लाहकारको रूपमा राखे ।

जयपृथ्वीले धेरै प्रयास गरेर प्रधानमन्त्री देवशमशेरलाई पत्रपत्रिकाको महत्त्व बुझाए र उनी पत्रिका प्रकाशन गर्न राजी भएपछि १९५८ वैशाख २४ गते सोमवारका दिन गोरखापत्र साप्ताहिकको रूपमा प्रकाशनमा आयो । प्रधानमन्त्री देवशमशेरले प्रकाशन समयमा गोरखापत्रको सम्पूर्ण जिम्मेवारी जयपृथ्वीलाई नै दिए, तर जयपृथ्वीले व्यवस्थापकीय जिम्मेवारी भने पण्डित नरदेव पाण्डेलाई दिन सुझाव दिए र पाण्डेले नै दुई वर्ष गोरखापत्र साप्ताहिकको सम्पादक र व्यवस्थापकीय जिम्मेवारी सम्हाले । विसं १९६० मा फेरि गोरखापत्रको दोस्रो व्यवस्थापकको रूपमा जयपृथ्वीबहादुरलाई नै जिम्मेवारी दिइयो । सिंहको पालामा गोरखापत्रको सम्पादकको रूपमा चिरञ्जीवी शर्मा पौड्याल थिए । बाह्र वर्षसम्म जयपृथ्वीले गोरखापत्र प्रकाशनलाई निरन्तरता दिए ।

गोरखापत्रमा रहँदा उनले राष्ट्रियता र जनजागरणका मुद्दा उठाइरहेपछि उनकै ससुरा अर्थात् प्रधानमन्त्री चन्द्रशमशेरले हटात्रूपमा गोरखापत्र नै बन्द गराए । जयपृथ्वी भागेर भारत पुगे । पछि प्रधानमन्त्री चन्द्रशमशेरले आफ्ना नातागोतालाई पत्रिकाको जिम्मेवारी दिए र सरकार अनुकूल समाचारहरू प्रकाशन हुन थाले ।

नेपाली पत्रकारितामा गोरखापत्रकाल अर्थात् प्रजातन्त्रभन्दा अगाडि दर्जनभन्दा बढी पत्रिका सञ्चालन भएका थिए । गोरखापत्रपूर्व, गोरखापत्रकाल, प्रजातन्त्रकाल, पञ्चायतकाल, बहुदलीय व्यवस्थापछिको गणतान्त्रिक व्यवस्थामा पुग्दा नेपाली पत्रकारितामा धेरै परिवर्तन भइसकेको छ । "नेपाली पत्रकारिताको जग जयपृथ्वीबहादुरले नै राख्नुभएको हो," इतिहासविद् तथा डोटी बहुमुखी क्याम्पसका सहायक क्याम्पस प्रमुख अर्जुन देउवाले भने, "सिंहले राणाहरूलाई धेरै



फकाएर गोरखापत्र सञ्चालनमा ल्याउनुभएको हो । उहाँकै प्रेरणाले नेपाली पत्रकारिता आजको अवस्थामा पुगेको हो ।"

जनताको आवाज प्रकाशन हुन थालेपछि विसं १९७२ मा गोरखापत्र नै बन्द भएको इतिहासविद् देउवा बताउँछन् । पत्रिका बन्द भएपछि जयपृथ्वी चन्द्रशमशेरका डरले भारत गए । त्यहाँबाट पनि बेलायत पुगे । कसैका आँखामा नपर्नका लागि उनले बर्मेली पोशाक लगाएर भागेको देउवा बताउँछन् ।

यता चन्द्रशमशेरले जयपृथ्वी दाखिल गराउनेलाई रु पाँच हजार इनामको सार्वजनिक घोषणा गरे, तर उनी राणाको सम्पर्कमा नआएपछि तलबभत्ता बन्द गराइयो । "चन्द्रशमशेरले जयपृथ्वीबाट आफ्नी छोरीलाई पनि छुटाउनुभयो," देउवाले भने, "राजा भइसकेपछि पनि उहाँको लवाइखवाइ देखेर राणाहरूले खिसिटिउरी गर्थे । तर उहाँ विद्वान् भएको हुँदा राणाको कुराले छुँदैनथ्यो । उहाँ मानवजातिकै वकालतमा लागिरहनुभयो ।"

जयपृथ्वीबाट आफ्नी छोरी छुटाएपछि चन्द्रशमशेरले कम्पनीको रु आठ हजार छोरीलाई वार्षिक भत्ता तोक्नुभयो । त्यसपछि राणाले जयपृथ्वीको जात च्युत गरी पानीसमेत काँडे । जयपृथ्वी आफ्ना ससुरा चन्द्रशमशेरको निधनपछि मात्रै नेपाल आएका हुन् ।

जयपृथ्वीले भारतको बेंगलोर चेट्टीरोडस्थित जया भवनमा सन् १९२८ (विसं १९८५) मा 'ह्युमानिस्ट क्लब' खोले । क्लबमार्फत सिंहले विश्वका सम्पूर्ण प्राणी र बोटबिरुवालाई माया र संरक्षण प्रदान गर्न विभिन्न चेतनामूलक कार्य गरे । क्लबको मुखपत्रका रूपमा 'द ह्युमानिस्ट' नामक पत्रिकासमेत प्रकाशित गरे । जसमा मानवतावादसम्बन्धी विविध विषय प्रकाशित हुन्थे । पछि सिंहले मानवतावादी क्लब खोलेर 'ह्युमानिस्ट' नामक अङ्ग्रेजी पत्रिका नियमित प्रकाशन गरेका थिए ।

बझाङ राज्य स्थापना भएयता बझाङमा २४ जनाले प्रत्यक्ष तथा अप्रत्यक्षरूपमा राजकाज चलाए । त्यसैमध्ये १८औं नम्बरका राजा हुन्, जयपृथ्वीबहादुर सिंह । शक्ति सिंहले विसं १५०३ सालमा स्थापना गरेको बझाङ राज्य अघोषितरूपमा ५६२ वर्षसम्म चल्यो र औपचारिकरूपमा विसं १८४८ सालमा राजा समुद्र सिंहको पालामा सकियो । अघोषितरूपमा भने २०६५ जेठ १५ गतेसम्म नै चल्यो ।

बझाङ राज्यका १७औं राजा विक्रमबहादुर सिंहका १४ सन्तानमध्ये पहिलो सन्तान हुन्, जयपृथ्वीबहादुर । विक्रमबहादुरकी चार रानीमध्ये जेठी रानी रुद्रकुमारीको जेठो सन्तानको रूपमा जयपृथ्वी थिए । उनलाई प्रधानमन्त्री वीरशमशेर राणाले १६ वर्षको उमेरमा विसं १९४४ मा बझाङको राजा घोषित गरेका थिए । १७ वर्षको उमेरमा श्री ३ चन्द्रशमशेरकी १४ वर्षीया छोरी खगेश्वरीदेवीसँग उनी विवाहबन्धनमा बाँधिए ।

जङ्गबहादुर राणाकै (छोरीबाट) नाति भएका कारण सिंहले आठ वर्षको उमेरमैं काठमाडौंको दरबार हाईस्कूलमा अध्ययन गर्ने मौका पाएका थिए । राजा भएको बेलामा जयपृथ्वीले आठजना विद्यार्थी काठमाडौंमा पढ्न पठाए । काठमाडौंको नक्सालस्थित आफ्नै घरमा सत्यवादी पाठशाला पनि खोले । पछि सत्यवादी प्राथमिक पाठशाला बझाङमा सारे र बझाङमा सर्वसाधारणले पनि पढ्ने मौका पाए ।

राजा जयपृथ्वीले विभिन्न पाठ्यपुस्तक पनि लेखे । उनले नै लेखेको नेपाली भाषाको 'अक्षराङ्क शिक्षा' पठनपाठन गरिन्थ्यो । उनले 'अक्षरमाला', 'पदार्थ तत्त्व विवेक', 'बालबोध भाग १', 'जापानको इतिहास', 'शारीरिक शिक्षा दर्पण', 'स्रेस्ता दर्पण भाग १ र २', 'बालबोध', 'प्राकृत व्याकरण', 'भूगोलविद्या', 'मानवतावादसम्बन्धी ३ भोल्युम', 'द फ्ल्याग अफ पिस' जस्ता १८ वटा दार्शनिक पुस्तक लेखेका थिए । उनले कलकत्ता गएर म्याट्रिक पास गरे । प्रयागमा गएर आइए पढे, तर पूरा गरेनन् ।

बझाङमा जयपृथ्वीले भूमिसुधारको व्यवस्थापन गरे । उनले नै नापीको व्यवस्था गरे । औषधालय उनले नै खोले । बझाङमा खग औषधालय र जयपृथ्वी धर्म औषधालय उनले नै स्थापना गरेका हुन् । उनले कलकत्ताबाट समेत बझाङमा चिकित्सक ल्याएर सर्वसाधारणको उपचार गराएका थिए । चन्द्रशमशेरले २५ वर्षीय जयपृथ्वीलाई कलकत्तामा वकील बनाएरसमेत पठाएको इतिहासकार बताउँछन् । विसं १९६५ मा प्रधानमन्त्री चन्द्रशमशेरसँगै उनी बेलायत पनि गए । बेलायतमा उनलाई कर्नेलको दर्जा दिइयो । साथै उनी अमेरिका र रूस भ्रमण गर्ने पहिलो नेपालीको रूपमा चिनिए । विभिन्न पुस्तकमा उल्लेख भए अनुसार उनले नक्कली भिसा लिएर जापान पुग्दा उनी पक्राउसमेत परेका थिए ।

इतिहासविद् देउवाका अनुसार जयपृथ्वी विश्वमा जति मुलुक पुगे, त्यो देशमा शान्ति, मानवता र भ्रातृत्वकै अभिवृद्धिको सन्देश मात्र दिए । जयपृथ्वीले मानवतावादी संस्था खोल्ने अभियान चलाए । उनको संरक्षकत्वमा एशियाका विभिन्न राष्ट्रमा मानवतावादी सङ्घहरू पनि खुले । विसं १९९७ असोज १ गते भारतको बेंगलोरमा जयपृथ्वीको ६४ वर्षको उमेरमा निधन भयो । उनको निधनपछि विदेशीले दोस्रो गौतमबुद्धको नामले सम्मान नै गऱ्यो । भारतबाट प्रकाशित हुने 'अमृतबजार पत्र' नामक पत्रिकाले 'नेपालका दोस्रो गौतमबुद्धको निधन' भनेर समाचार प्रकाशित गरेको देउवा बताउँछन् ।



तारकेश्वर नगरपालिका–३ जीतपुर पाँचमानेमा अवस्थित प्रसिद्ध धार्मिक एवं पर्यटकीयस्थल भुवनेश्वरी मन्दिर । तस्वीरः रासस

# अर्थतन्त्र सुधारलाई केन्द्रमा राखी बजेटका सिद्धान्त र प्राथमिकता प्रस्तुत

काठमाडौं, २४ वैशाख/रासस

सरकारले विनियोजन विधेयक, २०८० का सिद्धान्त र प्राथमिकता संसद्मा प्रस्तुत गरेको छ । अर्थमन्त्री डा प्रकाशशरण महतले प्रतिनिधिसभा र राष्ट्रियसभाका छुट्टाछुट्टै बैठकमा बजेटका सिद्धान्त तथा प्राथमिकता प्रस्तुत गरेका हुन् । आगामी आर्थिक वर्षको बजेटका सिद्धान्त र प्राथमिकताले अहिले सङ्कट उन्मुख रहेको अर्थतन्त्र सुधारलाई केन्द्रमा राखेको छ ।



तस्वीरः रासस

आगामी आर्थिक वर्षको बजेट दिगो, फराकिलो एवं समावेशी आर्थिक वृद्धि हासिल गर्ने, रोजगारका अवसर बढाउने, सुशासन प्रवर्द्धनमा केन्द्रित हुने, सेवा प्रवाहमा सुधार तथा स्रोत साधनको प्रभावकारी परिचालनलाई प्राथमिकतामा राख्नेतर्फ लक्षित हुने अर्थमन्त्री महतले बताए ।

सरकारले दिगो, फराकिलो एवं समावेशी आर्थिक वृद्धि र समष्टिगत आर्थिक स्थायित्वलाई आगामी आर्थिक वर्षको बजेटको पहिलो सिद्धान्तका रूपमा राखेको छ । "सरकारी, निजी र सहकारी क्षेत्रको लगानीको प्रभावकारिता वृद्धि गरी उत्पादनमुखी अर्थतन्त्रको आधार निर्माण गर्नेतर्फ बजेट केन्द्रित हुनेछ," बजेटका सिद्धान्त र प्राथमिकतामा भनिएको छ, "अर्थतन्त्रलाई गतिशील बनाइ दिगो, फराकिलो एवं समावेशी आर्थिक वृद्धि र समष्टिगत आर्थिक स्थायित्व कायम गर्न वित्त नीति र मौद्रिक नीतिबीच तादम्यता कायम गरिनेछ । वित्त घाटालाई वाञ्छित सीमाभित्र राखिनेछ ।"

सामाजिक क्षेत्रको विकास र सामाजिक न्यायलाई पनि बजेटको सिद्धान्तमा राखिएको छ । संविधानले प्रत्याभूत गरेको गुणस्तरीय शिक्षा, स्वास्थ्य र खानेपानी सुविधालाई सहजरूपमा उपलब्ध गराउने नीति सरकारले लिएको छ ।

दिगो विकास र जलवायु परिवर्तनको विषयलाई केन्द्रमा राखेर सन् २०३० सम्ममा दिगो विकास लक्ष्य हासिल गर्नेतर्फ बजेट निर्देशित हुने अर्थमन्त्री महतले भने । जलवायु परिवर्तनको असर न्यूनीकरण र अनुकूलनका कार्यक्रमलाई आयोजनाको प्रारम्भिक चरणबाटै समावेश गर्दै जाने जनाइएको छ ।

त्यसैगरी, सङ्घीयताको सबलीकरणको विषय पनि आगामी आर्थिक वर्षको बजेटको निर्देशक सिद्धान्तका रूपमा राखिएको छ । निजी क्षेत्रलाई आर्थिक वृद्धिको संवाहकका रूपमा विकास गरी मनोबल बढाउनतर्फ बजेट केन्द्रित हुने जनाइएको छ ।

"लगानीमैत्री वातावरण सिर्जना गरी आर्थिक वृद्धि र रोजगार सिर्जना गर्न निजी क्षेत्रको भूमिकालाई सबल बनाइनेछ । नीतिगत स्थिरता, व्यवसायमैत्री नीति र प्रक्रिया सरलीकरण गरी स्वदेशी तथा विदेशी लगानी आकर्षित गरिनेछ," बजेटका सिद्धान्त र प्राथमिकतामा भनिएको छ ।

त्यस्तै, सुशासन प्रवर्द्धन र सेवा प्रवाहमा सुधारलाई पनि सरकारले आगामी आर्थिक वर्षको बजेटको सिद्धान्तका रूपमा राखेको छ । "भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको नीति लिइनेछ । नागरिकलाई प्रदान गर्ने सेवाको पहुँच र गुणस्तर वृद्धि गरिनेछ," बजेटको सिद्धान्त, प्राथमिकतामा भनिएको छ ।

आगामी आर्थिक वर्षको बजेटका लागि सरकारले विभिन्न क्षेत्रगत प्राथमिकता पनि निर्धारण गरेको छ । किसानको आयआर्जनमा सहयोग पुग्ने गरी कार्यक्रम सञ्चालन गर्ने, कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बढाएर मुलुकलाई आत्मनिर्भरतातर्फ उन्मुख गराउने, कृषिको व्यवसायीकरण तथा यान्त्रिकीकरण गरी उत्पादनलाई प्रतिस्पर्धी बनाउनेलगायतका विषय बजेटको प्राथमिकतामा राखिएका छन् ।

त्यस्तै, औद्योगिक क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गरी उपभोग्य वस्तुमा वैदेशिक निर्भरता कम गर्दै जाने सरकारको योजना छ । उद्यमशीलता

(बाँकी अन्तिम पातामा)

## नेप्से परिसूचकमा दोहोरो अङ्कको गिरावट

काठमाडौं, २४ वैशाख/रासस

धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक आइतवार दोहोरो अङ्कले घटेको छ । साताको पहिलो दिनको कारोबारमा बजार खुले लगत्तै उतारचढावपूर्ण अवस्थामा रहेको नेप्से परिसूचक १९ दशमलव १२ अङ्कले ओरालो लागेर एक हजार ८५० दशमलव ६१ मा सीमित भएको छ ।

ठूला कम्पनीको कारोबारमापन गर्ने सेन्सेटिभ परिसूचक तीन दशमलव १४ अङ्कले ओरालो लागेर ३५४ दशमलव ७८ मा सीमित भएको छ । कारोबार भएका १३ वटै उपसमूहको शेयर मूल्यमा गिरावट आएको नेप्सेले जनाएको छ ।

कुल २३ कम्पनीको शेयर मूल्य उकालो लाग्दा १८७ कम्पनीको भने ओरालो लागेको छ । यस्तै, आठ कम्पनीका शेयर मूल्यमा कुनै पनि परिवर्तन भएको छैन । कुल २० लाख १५ हजार ९५९ कित्ता शेयर रु ६० करोड ८१ लाख ३५ हजार ९४ मूल्यमा खरीद–बिक्री भए ।

कारोबारका आधारमा शिवम् सिमेन्ट शीर्ष स्थानमा छ । सो कम्पनीको रु तीन करोड २२ लाख ३७ हजार ६०७ मूल्य बराबरको शेयर कारोबार भयो । यस्तै, मकर जीतुमाया सुरी हाइड्रोपावर रु एक करोड ८९ लाख ७६ हजार १०३, नबिल बैंक रु एक करोड ६८ लाख २३ हजार, एनआइसी एशिया बैंक रु एक करोड ५४ लाख ७० हजार ६२३ र डादी ग्रुप पावरको रु एक करोड ५३ लाख १५ हजार ५९२ बराबरको शेयर कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भएका छन् ।

# राष्ट्रको गौरव पत्रकारिता दिवस

सन्दर्भः राष्ट्रिय पत्रकारिता दिवस



श्रीरामसिंह बस्नेत

**विसं १९८४ वैशाख १३ गतेको गोर्खापत्रमा छापिएको वीरगंजकी एक सर्वसाधारण बालिका सूर्यमती श्रेष्ठले चर्खा चलाइरहेको फोटो नै नेपाली पत्रिकामा छापिएको पहिलो फोटो थियो ।**

कुनै पनि राष्ट्रको अस्तित्व, स्वाभिमान र गौरव त्यसको आकारका आधारमा मात्र आकलन गर्न सकिंदैन । राष्ट्रको गौरव त्यसको इतिहासको जगमा उभिएको हुन्छ । संसारका सबै प्राणीमध्ये सबैभन्दा बुद्धिमान् प्राणी मानिस भएकोले सभ्यताको विकास गर्ने जिम्मेवारी पनि मानिसकै काँधमा रहिआएको छ, सृष्टिको पहिलो बिहानीदेखि नै ।

संसारका सबै भागमा रहेका समाज वा देशको इतिहास कोटयाउने हो भने कुनै न कुनै कालखण्डमा अन्धकारको युग नभोगेको मानव समाज वा देश पाउन सकिंदैन । हाम्रो देश नेपाल पनि धेरै विषयमा अतुलनीय गौरवले भरिएको देश हो । यहाँको प्राकृतिक र सांस्कृतिक सम्पदा, वीरताको गाथा, अक्षुण सार्वभौमिकता आदि अतुलनीय राष्ट्रिय गौरव हुन्, जसले नेपाल र नेपालीलाई विश्वमा चिनाएको छ र अनन्तकालसम्म चिनाइरहनेछ । तर यति हुँदाहुँदै पनि नेपालको इतिहासको एक कालखण्ड भने अन्धकारमय रहन गयो । १०४ वर्षसम्मको त्यो कालखण्ड जहानियाँ राणाशासनकालको नामले चिनिन्छ । त्यस कालखण्डको सत्यतथ्ययुक्त प्रमाणिक विश्लेषणले अझै पूर्णता पाइसकेको छैन । त्यसैले त्यस कालखण्डमा भएका कतिपय सकारात्मक र नकारात्मक कार्य अझै पनि जनमानसको जानकारीबाट ओझेलमैं रहेका छन् ।

२०औं शताब्दीको नामबाट पनि चिनिने त्यो कालखण्डमा संसारले पनि सकारात्मक र नकारात्मक दुवै घटनाक्रम बेहोर्‍यो । मुख्यतः पहिलो विश्वयुद्ध सकिएलगत्तै जसो दोस्रो विश्वयुद्धको समेत चपेटामा पर्नु मानव सभ्यताले भोगेको सबैभन्दा ठूलो त्रासदी थियो । मानव सिर्जित ती दुई विध्वंश यदि नभई दिएको भए संसारको इतिहास मात्र होइन, आजको वर्तमान र भोलिको भविष्यसमेत बेग्लै हुने थियो ।

निरङ्कुश शासन व्यवस्था भएको अन्धकार युगमा पनि केही सकारात्मक काम भएका पाइन्छन् । तीमध्ये नेपालमा शासक वर्ग र शासित वर्गको सहकार्यबाट अखबारी पत्रकारिताको सुरुआत गरिनु एक अत्यन्तै साहसिक सकारात्मक कार्य थियो । विसं १९५८ वैशाख २४ गते साप्ताहिक समाचारपत्रका रूपमा काठमाडौंबाट 'गोर्खापत्र' प्रकाशित भएको घटना वास्तवमा एउटा पत्रिका प्रकाशित भएको घटना मात्र नभई देशभर व्याप्त अज्ञानताको अँध्यारोलाई केही हदमा भएपनि चिर्न र देशलाई आधुनिक सभ्यताको गोरेटोमा प्रवेश गराउन गरिएको एक साहसिक प्रयास थियो ।

विसं १९५८ अर्थात् सन् १९०१ भन्नाले २०औं शताब्दी भर्खर प्रारम्भ भएको समय हो । संसारका विभिन्न मुलुकमा फैलिएको साम्राज्यवादको कठोर साङ्लोमा बिस्तारै खिया लाग्न थालेको स्पष्ट देखिन थालेको थियो । विदेशी शक्तिको मुठीभित्र परेर सार्वभौमिकता गुमाएका विभिन्न साना, ठूला मुलुकमा मुक्तिका लागि सङ्घर्षले तीव्रता पाइरहेको थियो । मुक्ति सङ्घर्षलाई अघि बढाउन क्रान्तिकारीले ज्यान हत्केलामा राखेर गरेको प्रयास र त्यसलाई दबाउन हरसम्भव हथकण्डा अपनाउने साम्राज्यवादी शक्तिको प्रयासबीचको टक्करले धेरै हिंसा र जनधनको क्षति पनि गराइरहेको थियो ।

मुक्ति सङ्घर्ष, क्रान्ति वा आन्दोलन बन्द भएका थिएनन्, कहीं सशक्त र कहीं सुषुप्तरूपमा जारी नै थिए । भारतमा त सन् १८५७ देखि नै अङ्ग्रेज साम्राज्यविरुद्ध विद्रोहको बिगुल फुकिसकिएको थियो– 'सिपाही विद्रोह'का रूपमा । त्यो घटनाले भारतलगायत दक्षिण एशियाकै राजनीतिक वातावरणमा एउटा जोडदार हलचल ल्याइदिएको थियो र हिजोसम्म जो आफ्नो भाग्यलाई दोष दिएर अङ्ग्रेज शासनसत्तालाई नियतिका रूपमा स्वीकार गरेर निरूपाय बसिरहेका थिए, उनीहरूमा चेतनाको सञ्चार भयो र अङ्ग्रेज शासन सत्ताबाट भएका अन्याय, अत्याचारविरुद्ध सङ्गठित हुन थाले । भारतको कलकत्ता, बनारस, दिल्ली, लखनउ आदि विभिन्न भारतीय स्थानमा रहेका नेपाली यी सबै घटनाक्रम र त्यसको प्रभावका साक्षी थिए ।

नेपाल कुनै पनि साम्राज्यवादी शक्तिको अधीनमा नपरी सार्वभौमिकता कायम राख्न सफल राष्ट्र भएकोले त्यस प्रकारको मुक्ति सङ्घर्षको इतिहास नेपालमा छैन । तर नेपालमा राजनीतिक, सामाजिक सङ्घर्षको इतिहास अर्कै प्रकृतिको छ ।

एक शताब्दीसम्म राणाशासनको अधीनमा रहेको नेपालमा त्यस कालखण्डमा थोरै राम्रा काम तर धेरै नराम्रा काम भए । आखिर शासनसत्ता जस्तो भएपनि त्यसलाई सञ्चालन गर्ने अख्तियारी पाएका पदाधिकारीका नियत, धारणा, क्षमता, इमानदारी र इच्छाशक्तिमा नै सबै कुरा निर्भर गर्छ । यो तथ्य राणाशासनको कालखण्डको विश्लेषण गर्दा पनि स्पष्ट हुन्छ । हिंसाको बलमा सत्ता प्राप्त गरेको र जहानियाँ शासन शुरू गरेको भनी प्रथम राणा प्रधानमन्त्री जङ्गबहादुर राणाको आलोचना गरिन्छ, जुन आलोचना स्वाभाविकै हो । तर नेपालको राष्ट्रिय स्वार्थका पक्षमा उनले गरेका केही महत्त्वपूर्ण र कालजयी कामलाई भने नकार्न सकिंदैन । जस्तै साँधमैं बसेर साम्राज्य चलाइरहेको अङ्ग्रेज शक्तिसँग मैत्री सम्बन्ध राखेर कूटनीतिक तरीकाले नेपालको सार्वभौमिकता जोगाइराख्नु, देशको गुमेको भूभागका केही हिस्सा (बाँके, बर्दिया, कैलाली, कञ्चनपुर) फिर्ता ल्याउनु, सीमा सुरक्षालाई उच्च प्राथमिकता दिनु, युरोपको ऐतिहासिक सफल भ्रमण गरी अन्तर्राष्ट्रियजगत्मा नेपालको प्रतिष्ठा स्थापित गर्नु, सोही भ्रमणबाट फर्कंदा हाते प्रेसलगायतका आधुनिक वस्तु नेपालमा प्रवेश गराउनु, देशमा लिखित कानून (मुलुकी ऐन–१९१०) को परम्परा शुरू गर्नु आदि जङ्गबहादुरलाई जति गाली गरे पनि उनैलाई श्रेय नदिई सुखै नपाइने सत्कार्य हुन् ।

यसैगरी, राणाशासनकालका शासकहरूमध्ये राष्ट्रले बिर्सन नसक्ने अर्का प्रधानमन्त्री हुन्, देवशमशेर जबरा । उनी अरू राणा शासकभन्दा फरक सोचका थिए । तर सुधारवादी उदार देवशमशेरकै शासनकाल सबैभन्दा छोटो रहनु उनका लागि मात्र होइन, देशकै लागि दुर्भाग्य थियो । करीब तीन महीनाको अवधिमा पनि देश र जनताको हितका लागि उनले गरेका महत्त्वपूर्ण कालजयी कामहरूमा सुव्यवस्थित र सुनिश्चितरूपमा 'गोर्खापत्र' साप्ताहिक अखबारको प्रकाशन प्रारम्भ गर्नुलाई लिन सकिन्छ । विसं १९५८ वैशाख ११ गते नरदेव पाण्डेलाई प्रधानमन्त्रीले 'गोर्खापत्र' प्रकाशित गर्न लिखित सनदमार्फत अख्तियारी दिएका थिए । त्यसकै आधारमा दुई हप्तामैं अर्थात् वैशाख २४ गते गोर्खापत्रको पहिलो ऐतिहासिक अङ्क नेपाली पाठकसमक्ष पुर्‍याउन नरदेव सफल भए । यो नेपाली भाषामा नेपालबाट प्रकाशित पहिलो समाचारपत्र थियो ।

यसअघि विसं १९५५ साउनमा उनै नरदेव पाण्डे र मित्रको प्रयासमा काठमाडौंबाट 'सुधासागर' साहित्यिक मासिक प्रकाशित भएको थियो तर त्यो अखबारी पत्रिका थिएन र त्यसले निरन्तरता पनि पाउन सकेन । यही नियति विसं १९५० मैं भारतको बनारसमा रहेका मोतीराम भट्ट र रामकृष्ण बर्माद्वारा प्रकाशित 'गोर्खाभारत जीवन' नामक साहित्यिक मासिक पत्रिकाले भोग्नुपर्‍यो । जेहोस्, निरन्तरताको गौरव प्राप्त गर्न नसके पनि पहिलो हुनुको इतिहास भने उनीहरूको छ । 'गोर्खाभारत जीवन' नेपाली भाषामा प्रकाशित भएको विश्वकै पहिलो पत्रिका थियो भने 'सुधासागर' नेपालभूमिबाट प्रकाशित पहिलो पत्रिका हो ।

'गोर्खाभारत जीवन'का बारेमा धेरै तथ्य अज्ञात नै छ, आजसम्म । मुख्य प्रश्न उक्त पत्रिका कति अङ्कसम्म प्रकाशित भयो ? त्यो पत्रिका नेपाल आयो कि आएन ? अल्पायुमैं निधन (विसं १९५३ भदौ) भएका मोतीराम भट्टको जीवनको उत्तरार्द्ध काठमाडौं भोंसीको टोलस्थित उनको जन्मघरमैं बितेकोले उनले बनारसबाट काठमाडौं फर्कंदा आफैंले निकालेका पत्रिका 'गोर्खाभारत जीवन'का केही प्रतिहरू साथै लिएर आएको हुनुपर्ने प्रबल सम्भावनालाई नकार्न सकिन्छ र ? तर राणाशासनकालको कठोर कालखण्डमा यी प्रश्नहरू न त कसैले उठाउने आँट गरे, न त प्रजातन्त्रको उदय भएपछि पनि यस्ता विषयमा चासो राख्न कसैलाई फुर्सद भयो । फलस्वरूप अध्ययन–अनुसन्धानको अभावमा हाम्रो राष्ट्रिय महत्त्वका कैयौं विषय र वस्तु अँध्यारोमैं विलीन हुन बाध्य भए । त्यसमध्ये 'गोर्खाभारत जीवन' पनि एक थियो ।

यसैगरी, नेपालभित्रैबाट प्रकाशित पहिलो पत्रिका 'सुधासागर'को नियति पनि त्यस्तै हुन गयो । यसका केही प्रतिहरू आफूसँग रहेको तर विसं १९९० को महाभूकम्पमा आफ्नो घर भत्किंदा त्यसैमा परी अन्य धेरै कागजातका साथमा 'सुधासागर'का प्रतिहरू पनि नष्ट भएको भनी इतिहास शिरोमणि बाबुराम आचार्यले लेखेका छन् । 'सुधासागर'का सम्पादक–प्रकाशक एवं 'गोर्खापत्र'का तालुकवाला नरदेव पाण्डेबारे पर्याप्त अध्ययन–अनुसन्धान नभएकाले 'सुधासागर'बारे धेरै तथ्य ओझेलमा परेका छन् ।

विसं १९५५ साउनदेखि १९५७ चैतसम्म (गोर्खापत्र प्रकाशित गर्ने जिम्मेवारी पाउनुअघिसम्म) करीब तीन वर्ष नरदेव केमा व्यस्त थिए भन्नेबारे स्पष्ट छैन । नरदेव निकै क्रियाशील थिए, त्यसैले उनी चुप लागेर बस्न सक्ने व्यक्ति थिएनन् । तसर्थ 'गोर्खापत्र'को जिम्मेवारी पाउनुअघि उनी 'सुधासागर'का नियमित अङ्कहरू प्रकाशित गर्न व्यस्त थिए कि भन्ने सहज अनुमान गर्न सकिन्छ । साथै 'सुधासागर' सफलतापूर्वक प्रकाशित गर्न सफल र अनुभवी व्यक्ति भएकै कारण प्रधानमन्त्री देवशमशेरले नरदेवलाई नै 'गोर्खापत्र'को जिम्मेवारी दिएको यथार्थ सहजै बुझ्न सकिन्छ । 'गोर्खापत्र' साप्ताहिक प्रकाशित भएको समयकै हाराहारीमा अर्थात् सन् १९०१ मैं दार्जिलिङबाट पादरी गङ्गाप्रसाद प्रधानले 'गोर्खेखबर कागज' प्रकाशित गरेका थिए । इसाई धर्मनिकट सो प्रकाशनको अल्पायुमैं अन्त्य भयो ।

नेपाली पत्रकारिताको गर्भादान इतिहाससँग जोडिएका चार पत्रिका 'गोर्खाभारत जीवन', 'सुधासागर', 'गोर्खापत्र' र 'गोर्खेखबर कागज'मध्ये 'गोर्खापत्र'ले मात्र दीर्घायु पाउन सक्यो । फलस्वरूप यसको बेग्लै इतिहास बन्यो । जस्तोसुकै परिस्थितिसँग पनि सामना गरेर करीब सवा शताब्दीको अविराम यात्रा तय गर्नु र यात्रालाई अझै नयाँ उत्साहका साथ निरन्तरता दिन सफल रहनु नै गोर्खापत्रको सबैभन्दा ठूलो उल्लेख्य पक्ष हो । तसर्थ सवा शताब्दीको सफल इतिहास बनाउन सक्षम गोर्खापत्रको जन्म भएको मिति नै नेपाली पत्रकारिताको सबैभन्दा गौरवपूर्ण मिति भएकोले आठ वर्षदेखि प्रत्येक वर्ष वैशाख २४ गतेलाई राष्ट्रिय पत्रकारिता दिवसका रूपमा मनाउन थालिएको हो ।

यतिमात्र होइन, आधुनिक पत्रकारिताको एक महत्त्वपूर्ण पक्ष फोटो पत्रकारिताको शुभारम्भ गर्ने श्रेय पनि गोर्खापत्रले नै पाएको छ । विसं १९८४ वैशाख १३ गतेको गोर्खापत्रमा छापिएको वीरगंजकी एक सर्वसाधारण बालिका सूर्यमती श्रेष्ठले चर्खा चलाइरहेको फोटो नै नेपाली पत्रिकामा छापिएको पहिलो फोटो थियो । सोही ऐतिहासिक तथ्यका आधारमा वैशाख १३ गते नेपालमा फोटो पत्रकारिता दिवस मनाउने गरिएको छ ।

वैशाख २४ गते गोर्खापत्र पहिलोपटक प्रकाशित भएको मिति मात्र नभई नेपालमा दिगो पत्रकारिताको बीजारोपण भएको दिन हो । भारतलगायत दक्षिण एशिया, एशिया र विश्वमैं पनि विभिन्न समयमा विभिन्न स्थानबाट पत्रिका जन्मिने तर अल्पायुमैं मर्नेक्रम लामो समयसम्म जारी रहेको देखिन्छ । त्यसैले शताब्दीको त कुरै छोडौं दशकसम्म पनि टिक्न नसकी इतिहास बनाउनबाट वञ्चित रहेका अनगिन्ती पत्रपत्रिकाका ज्ञात–अज्ञात नामका बीच सवा शताब्दीको इतिहास लिएर गोर्खापत्र सगौरव उभिएको छ । देशले गौरव गर्न विरलै मात्र पाइने यस्तो असाधारण गौरवको विषयलाई नै राष्ट्रिय दिवसको विषय बनाइनु हरतरहबाट उपयुक्त कार्य हो ।

वैशाख २४ गते एउटा अखबारको जन्मदिन मात्र नभई राष्ट्रले विश्वसामु शिर ठाडो पारेर गौरव गर्न सक्ने विषयको दिवस हो । हरेक वर्ष मे ३ तारिखमा विश्व प्रेस स्वतन्त्रता दिवस पनि मनाउने गरिएको छ । तर अन्य देशमा राष्ट्रिय पत्रकारिता दिवस मनाउने गरिएको उदाहरण त्यति पाइँदैन । त्यसको मुख्य कारण राष्ट्रिय दिवस नै मनाउन सुहाउने गरी पत्रकारिताको निरन्तर इतिहास बनाएका मुलुकहरू नै अत्यन्तै न्यून मात्रामा छन् ।

हरेक देशले आफ्नो राष्ट्रिय र अन्तर्राष्ट्रिय सन्दर्भसँग सम्बन्धित विभिन्न दिवसहरू मनाउने प्रचलन आधुनिक युगमा नियमित कार्य हो । तर त्यस्ता दिवस औपचारिकतामा मात्र सीमित रहेर मनाउँदा आम जनमानसको चासोबाट टाढिन्छ । आम जनमानसको चासोबाट टाढिनु भनेको औचित्यबाटै टाढिनु हो । तसर्थ यस्ता दिवस सम्भव भएसम्म सिर्जनशीलरूपमा र आम जनतासँग प्रत्यक्ष सरोकार रहनेगरी मनाउने गरेमा यसको गरिमा र प्रभावकारिता दुवै बढ्ने छ ।

राष्ट्रिय पत्रकारिता दिवस मनाउँदा पनि हामीले हाम्रो गौरवपूर्ण पत्रकारिताको इतिहासलाई अझ गौरवान्वित बनाउने रचनात्मक कार्यहरू गर्नु जरुरी हुन्छ । पत्रकारितासँग प्रत्यक्ष र परोक्षरूपमा सरोकार राख्ने सबैले नेपाली पत्रकारिताको स्तरोन्नतिको लागि दृढ प्रतिज्ञा गरी ठोस कदम चाल्न सकेमा मात्र पत्रकारिता दिवस मनाउनुको अर्थ रहन्छ । आज देशका पहिलो, दोस्रो र तेस्रो अङ्ग मात्र होइन, चौथो अङ्गको नामले परिचित पत्रकारिता क्षेत्र पनि अनेकौं चुनौतीबाट घेरिएको छ । कतिपय चुनौती समयले ल्याइदिएको छ भने कतिपय प्रविधिले, अनि कतिपय व्यक्तिका प्रवृत्तिले । पत्रकारिताको सबैभन्दा मुख्य धर्म आम जनतासामु निष्पक्षरूपमा सत्यतथ्य प्रस्तुत गर्नु हो । त्यही धर्म पालनामा आज पत्रकारिता डगमगाइरहेको त छैन भन्ने चिन्ता बढ्दो छ ।

पत्रकारिताको अर्को महत्त्वपूर्ण धर्म आम जनमानसलाई निराश हुन नदिई जस्तोसुकै विषम परिस्थितिमा पनि जनतामा आशाको दियो जोगाइराख्न सक्नु हो । तर आजको पत्रकारितामा यो क्षमता क्षीण हुँदै गएको आभास हुन्छ । यो क्षमता प्राप्त गर्न पत्रकारितामा नैतिकताको प्राणवायु सञ्चार हुनु अत्यावश्यक छ । राष्ट्रिय पत्रकारिता दिवसको गौरवपूर्ण अवसरमा पत्रकारिताको धर्म र नैतिकतालाई अविचलित राख्ने प्रण गर्दै ठोस कदम चाल्नुमा नै यस दिवसको गरिमा र औचित्य निहित रहनेछ । रासस (लेखक राससका पूर्वमहाप्रबन्धक तथा वरिष्ठ पत्रकार हुन्)

## फरक समाचार

### तामाको बोतलको पानी फ्रिजमा राख्नुहुँदैन

सानैदेखि हामीले सुन्दै आएका छौं कि तामा (कपर)को बोतलमा पानी पिउँदा थुप्रै स्वास्थ्यलाभ पाउँछौं । तामाको भाँडामा पानी पिउँदा पेटको स्वास्थ्यको लागि निकै फाइदाजनक मानिएको छ ।



आयुर्वेदको अनुसार तामाको प्रयोग काटिएको र टाउको दुखाइको उपचारमा निकै फाइदाजनक हुन्छ । यस धातुमा राखिएको पानी नियमितरूपमा पिउनाले शरीरले निकै ऊर्जावान् महसूस गर्छ । साथै यसले शरीरबाट विषाक्त पदार्थ पनि बाहिर निकाल्छ । तर यस धातुबाट बनेको बोतलमा पानी पिउँदा गर्मीमा भन्दा जाडोमा निकै लाभकारी हुन्छ । किनभने गर्मीमा मानिस पानी चीसो गर्नको लागि तामाको बोतललाई फ्रिजमा राख्छन् । त्यसपछि उनीहरू त्यो पानी पिउँछन् । यस्तो गर्दा स्वास्थ्यको लागि खतरनाक हुन सक्छ ।

बिएचयूका आयुर्वेदाचार्य डा अजय यादव यसबारेमा भन्छन्– तामाको भाँडामा एन्टिब्याक्टेरियल गुण पाइन्छ । यस धातुको भाँडामा धेरै समयसम्म पानी राख्नाले त्यसमा रहेको ब्याक्टेरिया नष्ट हुन्छ । त्यसपछि हामी त्यस पानीलाई पिउँछौं, जसले हाम्रो स्वास्थ्यमा लाभ पुर्‍याउँछ । तर गर्मी मौसममा तामाको बोतलमा पानी भरेर फ्रिजमा राख्नुहुँदैन । यस्तो गर्नाले भाँडामा हुने एन्टिब्याक्टेरियल गुण निस्क्रिय हुन्छ, जसले गर्दा हामी त्यस पानीलाई पिउँदा स्वास्थ्यमा नोक्सान हुन सक्छ ।

तामा धातुको प्रकृति गरम हुन्छ, यसैले यसमा राखिएको पानी गर्मीको तुलनामा जाडोमा बढी फाइदा पुर्‍याउँछ । तामाको बोतलको पानीलाई कोठाको तापक्रम अनुसार नै पिउनुपर्छ । तामाको पानी दिनमा दुई/तीन गिलासभन्दा बढी पिउनुहुँदैन किनभने यसको प्रकृति निकै गर्मी हुन्छ र स्वास्थ्यसम्बन्धी समस्या उत्पन्न हुन सक्छ । तामाको भाँडा वा बोतललाई फ्रिजमा चार/पाँच दिनसम्म राख्दा त्यसबाट अत्यधिक तामाको रिसाव हुन सक्दैन । त्यसैगरी, स्टील, तामा, माटो र प्लास्टिकका कुनै पनि सामग्रीमा पानी जम्मा गरेर राख्नु सदैव हानिकारक हुन्छ । माटोको घैंटामा पानीलाई धेरै समयसम्म जम्मा गर्नाले त्यसमा कीटाणु, जीवाणु स्वतः विकसित हुन्छ । आयुर्वेदमा कोठाको तापक्रम अनुसार नै पानीलाई भण्डारण गरेर राख्नुपर्छ । फ्रिजमा तामा, स्टील वा प्लास्टिकको बोतलमा राखिएको चीसो पानीले स्वास्थ्यलाई बिगार्न सक्छ ।

### गर्भमा हुर्किरहेको शिशुको शल्यक्रिया

चिकित्सकले वेन अफ गैलेन मालफार्मेशन (विओजिएम) नामक दुर्लभ स्थितिको उपचार गर्न गर्भमा हुर्किरहेको बच्चाको मस्तिष्कको शल्यक्रिया गरेका छन् । विओजिएम रक्तवाहिकासँग सम्बन्धित एउटा असामान्यता हो । रिपोर्ट अनुसार यो समस्या तब हुन्छ, जब दिमागको धमनी सीधा नसासँग जोडिन्छ । यसको कारण रक्तको प्रवाह असामान्य हुन्छ र नवजात शिशुको कन्जेस्टिभ हार्ट फेल्योर हुन सक्छ साथै हृदयबाट फोक्सोसम्म धमनीमा रक्तचाप बढ्न सक्छ ।



यो शल्यक्रिया अमेरिकाको बोस्टन चिल्ड्रेन्स हस्पिटल र ब्रिघम एन्ड विमेन्स हस्पिटलका सर्जनहरूले गरेका थिए । शल्यक्रियाको लागि एम्बोलाइजेशन नामक सर्जिकल प्रविधिको प्रयोग गरिएको थियो । स्ट्रोक पत्रिकामा शल्यक्रियासँग सम्बन्धित विवरण प्रकाशित गरिएको छ र भनिएको छ– शल्यक्रिया सफल रह्यो र असामान्यता ठीक भयो । साइन्स अलर्टको रिपोर्ट अनुसार बच्चाको जन्म शल्यक्रियापछि भयो र उसको अवस्था ठीक छ, कुनै औषधि लिइरहेको छैन । उसको डाइट सामान्य र वजन पनि बढिरहेको छ । बच्चा घर फर्किसकेको छ । उसको दिमागमा शल्यक्रियापछि कुनै नकारात्मक सङ्केत छैन ।

विओजिएम नामक असामान्यताले ६० हजारमध्ये एकजनालाई प्रभावित गर्छ । जब रक्तप्रवाह असामान्य हुन्छ, तब मस्तिष्कको धमनी कोशिकाको सट्टा सीधैं नसासँग जोडिन्छ । यस कारणले बच्चाको जन्मपछि उसमा कैयौं प्रकारका हानिकारक प्रभाव देखिन्छन् । चिकित्सकको भनाइ छ, यस स्थितिमा कैयौं हानिकारक प्रभाव देख्न सकिन्छ । यस स्थितिबाट प्रभावित ५० देखि ६० प्रतिशत बच्चा जन्मेपछि तुरुन्तै रोगी हुन्छन् र मृत्युदर पनि ४० प्रतिशत छ ।


शल्यक्रिया त्यति बेला गरिएको थियो, जब भ्रूणको उमेर ३४ साताभन्दा बढी थियो । चिकित्सकद्वारा उपयोग गरिने एम्बोलिजेशन नामक प्रविधिमा विशेष सामग्रीलाई नसामा राखियो, जस्तै क्लोटिङ एजेन्ट । यसले रक्त जम्नमा मदत गर्छ र यसलाई बग्नबाट रोक्छ । शल्यक्रियाको कारण बच्चाको जन्म समयभन्दा पहिले भएको थियो । जन्मपछि उसको दिमाग र मुटु ठीक ढङ्गले काम गरिरहेको छ । बच्चा समयभन्दा पहिले जन्मिएकोले उसलाई केही साताको लागि एनआइसियूमा राखिएको थियो । – प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

### बच्चामा आइरनको अभावपूर्ति गर्ने १० खानेकुरा



# अन्तर्राष्ट्रिय समाचार

## चीनको नयाँ संशोधित प्रति-जासुसी कानूनको बारेमा चिन्ता


चीनका लागि अमेरिकी राजदूत निकोलस बन्स। तस्वीरः एजेन्सी

बेइजिङ, २४ वैशाख/एएनआई

चीनका लागि अमेरिकी राजदूत निकोलस बर्न्सले बेइजिङलाई नयाँ संशोधित प्रतिजासुसी कानूनलाई स्पष्ट पार्न आग्रह गरेका छन्। संशोधित कानूनले अमेरिकी व्यवसायी, शिक्षाविद् र पत्रकारहरूको केही सामान्य कार्यलाई समेत अवैध बनाउन सक्ने उनको बुझाइ रहेको एशिया टाइम्सले उल्लेख गरेको छ।

नेशनल पिपुल्स कङ्ग्रेसको स्थायी समितिले गत अप्रिल २६ मा चीनको जासुसी विरोधी कानूनलाई बलियो बनाउन थप संशोधन पारित गरेको थियो। संशोधित कानून जुलाई १ देखि लागू हुनेछ। एशिया टाइम्सका अनुसार अपराधीहरूको परिभाषालाई जासुसी सङ्गठनबाट 'सामेल हुने वा कार्यहरू स्वीकार गर्ने' व्यक्तिबाट 'शरण लिने' व्यक्तिहरूसम्म विस्तार गरिनेछ। यसैगरी, 'राज्य गोप्य र खुफिया'बाट अन्य कागजातहरू, डेटा, सामग्री र राष्ट्रिय सुरक्षा र स्वार्थसँग सम्बन्धित वस्तुहरूको अनुसन्धानको दायरालाई पनि विस्तारित गरिनेछ।

द स्टिमसन सेन्टरद्वारा आयोजित वेबिनारको क्रममा राजदूत बर्न्सले मङ्गलवार वाशिङ्टनमा रहेको थिङ्क ट्याङ्कबीच भनेका छन्– "यो एउटा कानून हो, जसले सम्भावितरूपमा चीनमा व्यवसायीहरूको गतिविधिहरूलाई अवैध बनाउन सक्छ। हामीले यसबारे थप जान्न आवश्यक छ, त्यसैले हामी यहाँ बेइजिङमा प्रश्नहरू सोधिरहेका छौं।"

त्यसैगरी, राजदूत बर्न्सले अमेरिकी फर्महरूले ठूला लगानी सम्झौताहरूमा सहमत हुनुअघि उचित सजगता पुर्‍याउनु आवश्यक रहेको भन्दै आर्थिक डेटामा पूर्ण पहुँच हुनु आवश्यक रहेको बताएका छन्।

'कानूनले सम्भवतः शैक्षिक अनुसन्धानमा बाधा पुर्‍याउन सक्छ। प्राध्यापक र पत्रकारहरू यसमा संलग्न हुन सक्छन्' राजदूतको टिप्पणी छ। रासस

## चीन र भियतनामले बेइबु खाडीमा १० करोड माछा छाडे

नानिङ, २४ वैशाख/सिन्ह्वा

चीन र भियतनामका कृषि अधिकारीहरूले शनिवार दिउँसो बेइबु खाडीको पानीमा करीब १० करोड माछा छाडेका छन्। दुई देशले संयुक्तरूपमा बेइबु खाडीमा माछापालनका स्रोतहरू पुनर्स्थापना गर्ने उद्देश्यले आयोजना गरिएको उक्त कार्यक्रम दक्षिण चीनको गुआङ्सी झुआङ स्वायत्त क्षेत्रको सीमावर्ती शहर फाङ्चेनगङमा भएको थियो।

यस वर्षको कार्यक्रम अन्तर्गत ब्ल्याक सी ब्रीम, येलोफिन सी ब्रीम र झिंगा माछालगायत आठ प्रजातिका जलीय जीवहरूलाई बेइबु खाडीको पानीमा छाडिएको थियो।

चीन-भियतनाम माछापालन सहयोगको लामो इतिहास रहेको र यस्तै अन्य क्षेत्रमा दुई देशबीचको सकारात्मक अन्तर्क्रिया र सहयोगले दुवै पक्षका जनतालाई ठोस लाभ दिएको पनि कृषि तथा ग्रामीण मामिलाका उपमन्त्री मा यु छ्याङले बताएका छन्।

सन् २०१७ देखि चीन र भियतनामले बेइबु खाडीमा पाँचवटा समान कार्यक्रमहरू सञ्चालन गरेका छन्, जसमा चीनद्वारा २२६ मिलियनभन्दा बढी माछा र झिंगाहरू संरक्षण गरिएको छ। रासस

## टेक्सासको मलमा गोली चल्यो, बन्दुकधारीसहित नौजनाको मृत्यु

वाशिङ्टन, २४ वैशाख/एएनआई

अमेरिकाको डलासनजीकैको एउटा आउटलेट मलमा भएको गोलीकाण्डमा कम्तीमा नौजनाको मृत्यु भएको छ भने सातजना घाइते भएका छन्।

न्यूयोर्क टाइम्सले शनिवार राति अधिकारीहरूलाई उद्धृत गर्दै सो घटनाबारे जानकारी दिएको छ।

एलेन, टेक्सासका प्रहरी प्रमुख ब्रायन ई हार्वेले शनिवार राति पत्रकार सम्मेलनमा बताए अनुसार बन्दुकधारीको अझै पहिचान हुन सकेको छैन।

गोली चलेको समयमा मलमा अर्कोतिर रहेका एकजना प्रहरी अधिकारीले बन्दुकको आवाज सुनेपछि त्यसतर्फ दौडिएको र आक्रमणकारीलाई गोली हानेको बताएका छन्।

न्यूयोर्क टाइम्सका अनुसार दिउँसो ३:३० बजे (स्थानीय समय) अनुसार डलासबाट २५ माइल उत्तरमा रहेको १२० जनाभन्दा बढी खुद्रा विक्रेता भएको बाहिरी किनमेल केन्द्र, एलेन प्रिमियम आउटलेटमा गोली हानाहान भएको हो। यता सामाजिक सञ्जाल प्रयोगकर्ताहरूले कालो लुगा लगाएको, लामो राइफल बोकेको आक्रमणकारीलाई भुइँमा लडिरहेको तस्वीर सामाजिक सञ्जालमा पोस्ट गरेका छन्।

घटनास्थलबाट खिंचिएको भिडियोमा सयौं उपभोक्ता सो क्षेत्र छाडेर दौडेको देखिएको छ। हवाई फुटेजमा कम्तीमा तीनवटा शव मलबाहिर छोपेर राखिएको देखाइएको छ।

एलेन, टेक्सासका फायर चिफ जोनाथन बोइडले नौजना घाइतेलाई अस्पताल लगिएको बताएका छन्।

"अस्पताल पुर्‍याइएका घाइतेमध्ये दुईजनाको मृत्यु भइसकेको छ। तीनजनाको गम्भीर प्रकृतिको शल्यक्रिया भइरहेको र चारजनाको स्वास्थ्य स्थिर रहेको छ," बोइडले बताएका छन्।

एलेनमा भएको सामूहिक गोलीबारी देशभरि बन्दुक आक्रमणको लामो लाइनमा सबैभन्दा पछिल्लो हो, जसले पसल, अस्पताल, विद्यालय र अन्य सार्वजनिक ठाउँहरूलाई आतङ्कित पारेको छ, जुन सामान्यतया सुरक्षित मानिन्छ।

टेक्सासका गभर्नर ग्रेग एबोटले 'अवर्णनीय त्रासदी' भनेका छन्।

शनिवारको घटना मोन्टेरी पार्क क्यालिफोर्नियामा भएको नरसंहारपछि वर्षको दोस्रो सबैभन्दा घातक गोलीबारी हो, जसमा एकजना बन्दुकधारीले गत २१ जनवरीमा बलरूममा ११ जनाको हत्या गरेका थिए। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – कष्टानुभूति | वृष – नारीसुख |
| मिथुन – धनलाभ | कर्कट – प्रसन्नता |
| सिंह – वाहनकष्ट | कन्या – राज्यलाभ |
| तुला – कान्तिक्षय | वृश्चिक – अन्नलाभ |
| धनु – अलमल | मकर – प्रसन्नता |
| कुम्भ – पदोन्नति | मीन – राज्यभय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### माइग्रेशन हराएको सूचना

मिति २०८० वैशाख १२ गते घण्टाघरदेखि विपिसी कलेज जाने क्रममा मेरो पोखरा युनिभर्सिटी, स्नातक तहको माइग्रेशन प्रमाणपत्र नं ४९४३४ लगायत कागजातहरूको ब्याग हराएको हुँदा पाउनुहुने महानुभावले नजीकको प्रहरी चौकी, विपिसी कलेज अथवा मोनं ९८४५५२४९४९ मा सम्पर्क गर्नुहुन अनुरोध छ।

**श्वेता लामिछाने**
**ठेगानाः वीरगंज महानगरपालिका-८ पानीटङ्की**

### रानीघाट-पोखरिया बस समिति

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसो: ३:४० बजे

## व्यवस्था परिवर्तनमा पत्रकारिताको भूमिका महत्त्वपूर्ण –सञ्चारमन्त्री शर्मा

काठमाडौं, २४ वैशाख/रासस

सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले राजनीतिक व्यवस्था परिवर्तन र लोकतन्त्रको रक्षामा नेपाली पत्रकारिताले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको बताएकी छन्।


तस्वीरः रासस

आठौं राष्ट्रिय पत्रकारिता दिवसको अवसरमा आयोजित कार्यक्रममा उनले विभिन्न राजनीतिक आन्दोलनमा जनतामा जागरण ल्याउन पत्रकारिताले एतिहासिक भूमिका निर्वाह गरेको बताइन्।

"पञ्चायतकालको कालरात्रिमा जनतालाई जागरूक बनाउन नेपाली पत्रकारिता क्षेत्रले निर्वाह गरेको ऐतिहासिक भूमिका हामी युगयुगसम्म सम्झिरहने छौं," उनले भनिन्।

राजनीतिक उपलब्धिलाई संस्थागत गर्ने र यसमार्फत जनताको जीवनस्तरमा रूपान्तरण ल्याउनु राजनीति र पत्रकारिता दुवै क्षेत्रको दायित्व भएको उनको भनाइ छ। उनले समाजका हरेक क्षेत्रमा नकारात्मकताको प्रवृत्ति बढ्दै गएको भन्दै त्यसलाई चिर्न पत्रकारिताको महत्त्वपूर्ण भूमिका हुनुपर्ने उल्लेख गरिन्।

"गलत क्रियाकलापको आलोचना स्वाभाविकै भएपनि राम्रा कामलाई पनि नकारात्मक ढङ्गले पस्कने प्रवृत्तिको विकास हुन थालेको छ। यसलाई चिर्दै आम सञ्चारमाध्यमले विभिन्न क्षेत्रमा भइरहेका सकारात्मक प्रयासलाई प्रस्तुत गर्नुपर्छ," उनले भने।

उनले सञ्चार संस्थाको सबलीकरण र श्रमजीवी पत्रकारको भौतिक तथा पेशागत सुरक्षाप्रति सरकार गम्भीर भएको स्पष्ट पारे। आम सञ्चारमाध्यमलाई राष्ट्रिय उद्योग सरह मान्यता दिने, साना लगानीका स्वरोजगारमूलक र गैरनाफामूलक सञ्चारमाध्यमको प्रवर्द्धन सरकारको प्राथमिकतामा रहेको उनको भनाइ छ। श्रमजीवी पत्रकार ऐनको कार्यान्वयनसँगै पत्रकारको दक्षता अभिवृद्धिका लागि सङ्घ र प्रदेशस्तरमा आमसञ्चार प्रशिक्षण प्रतिष्ठान स्थापनालगायतका मुद्दा प्राथमिकतामा रहेको उनले जानकारी दिए।

### पत्रकार पुरस्कृत

सरकारले राष्ट्रिय पत्रकारिता दिवसका अवसरमा वरिष्ठ पत्रकार राजेन्द्र दाहाल र बलराम थापालाई सम्मान गरेको छ।

आठौं राष्ट्रिय पत्रकारिता दिवसको अवसरमा आज सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको आयोजनामा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' र सञ्चारमन्त्री रेखा शर्माद्वारा वरिष्ठ पत्रकार सम्मानबाट पत्रकार राजेन्द्र दहाल र बलराम थापा सम्मानित भएका थिए।

राष्ट्रिय पत्रकारिता पुरस्कारबाट अन्य छजना पत्रकारसमेत सम्मानित भएका छन्। सम्मानित हुनेमा पत्रकार अनीता बिन्दु, अम्बिका दाहाल, गणेश लम्साल, गम्भीरा सहनी, रामकृष्ण ज्ञवाली र लक्ष्मी आचार्य छन्।

मन्त्रालयले निष्पक्ष, उत्तरदायी, खोजमूलक र विश्लेषणात्मक पत्रकारिताको माध्यमबाट राष्ट्रिय हितको प्रवर्द्धन र जनतालाई सुसूचित गराउन योगदान पुर्‍याएको भन्दै उनीहरूलाई सम्मान गरेको हो।

पुष्कृत पत्रकार राजेन्द्र दाहालले आमसञ्चार तथा पत्रकारितासम्बन्धी अध्ययन, अनुसन्धान र विश्लेषण गर्ने संस्थाको स्थापना गर्न सरकारको ध्यानार्कषण गराए। उनले भने, "लोकतन्त्रको संरक्षण र सफलताका लागि राम्रो पत्रकारिता जरुरी छ। त्यसका लागि अहिले आमसञ्चारसम्बन्धी अध्ययन, अनुसन्धान र विश्लेषण गर्ने भरपर्दो संस्थाको खाँचो छ।"

नेपाल पत्रकार महासङ्घका अध्यक्ष विपुल पोखरेलले आमसञ्चार तथा पत्रकारितामा आवश्यक लगानी र नीति बनाउनतर्फ सरकारको ध्यानार्कषण गराए।

वरिष्ठ पत्रकारबाट सम्मानित हुनेलाई कदरपत्रसहित रु दुई लाख र राष्ट्रिय पत्रकारिता पुरस्कारबाट पुरस्कृतलाई कदरपत्रसहित रु एक लाख प्रदान गरिएको छ।

## झुटा विवरण पेश गरी नेपाली नागरिकता लिने दश भारतीय पक्राउ

काठमाडौं, २४ वैशाख/रासस

झुठो विवरण पेश गरी नेपाली नागरिकता लिएको आरोपमा प्रहरीले दश भारतीय नागरिकलाई पक्राउ गरी आज सार्वजनिक गरेको छ।

उपत्यका अपराध अनुसन्धान कार्यालय मीनभवनको टोलीले उनीहरूलाई उपत्यकाकाका विभिन्न स्थानबाट उनीहरूलाई पक्राउ गरेको हो।

विभिन्न समयमा नक्कली कागजात तथा ठेगाना विवरण पेश गरी तराईका जिल्लाबाट नेपाली नागरिकता लिएको प्रारम्भिक अनुसन्धानका आधारमा उनीहरूलाई पक्राउ गरिएको उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रमुख तथा वरिष्ठ प्रहरी उपरीक्षक डा मनोज केसीले जानकारी दिए।

उनका अनुसार पक्राउ परेकाहरूले नागरिकता बनाउने टोली स्थलगतरूपमा खटिएको समयमा झुटा विवरण पेश गरी नेपाली नागरिकता लिएको पाइएको छ।

पक्राउ पर्नेमा भारत विहार घर भई काठमाडौंको शतङ्मुल बस्ने ५५ वर्षीय भरतप्रसाद गुप्ता, ३० वर्षीय राहुल गुप्ता, ५० वर्षीया ज्ञानमतिदेवी गुप्ता र ३९ वर्षीय गोपाल गुप्ता छन्। यस्तै, बिहार घर भई ललितपुरको लगनखेल बस्ने ४४ वर्षीय रामसुन्दर गुप्ता, किलनकि बस्ने


तस्वीरः रासस

४३ वर्षीय रामप्रवेश गुप्ता, कङ्नी बस्ने ४६ वर्षीय भरत गुप्ता, ४२ वर्षीया स्नेहलता गुप्ता, ४९ वर्षीया मिनदेवी गुप्ता र ५२ वर्षीया राजेशकुमार गुप्ता छन्।

उनीहरूले जिल्ला प्रशासन कार्यालय ,रूपन्देही, बारा, पर्सालगायतबाट नागरिकता लिइएको पाइएको छ। आज पत्रकार सम्मेलनको आयोजना गरी पक्राउ परेकाहरूलाई प्रहरीले सार्वजनिक गरेको छ।

उनीहरूको साथबाट नेपाली नागरिकता, मतदाता परिचय पत्र, भारतीय पासपोर्ट, भारतीय आधार कार्डलगायत बरामद गरिएको प्रहरीले जनाएको छ।

पक्राउ परेकाहरू उपत्यकाको शङ्मूल, कलङ्की, लगनखेल, गोङ्बुलगायका स्थानमा बसोबास गर्दै आएका प्रहरीले जनाएको छ। उनीहरूको सन् २०२१ देखि हालसम्म भारतीय मतदाता परिचयपत्रमा नाम रहेको प्रहरीले जनाएको छ।

'१२ बुँदे जनकपुर घोषणापत्र ...

प्रतिनिधित्व रहने व्यवस्था गरिएको शोवले बताए। यसअघि शनिवार सम्मेलनको उद्घाटन गर्नुहुँदै मधेस प्रदेशका सामाजिक विकासमन्त्री सुरिताकुमारी साहले मधेसी दलितहरूको सशक्तिकरणका लागि ऐन निर्माण भइसकेकाले त्यसलाई कार्यान्वयन गर्न सरकार प्रतिबद्ध रहेको र आगामी आर्थिक वर्षको बजेटमा मधेसी दलित महिला लक्षित कार्यक्रम ल्याउन आफूले पहल गर्ने प्रतिबद्धता व्यक्त गरे।

उद्घाटनसत्रमा भूमि व्यवस्था, कृषि तथा सहकारी राज्यमन्त्री सञ्जयकुमार यादवले जमिनमाथिको स्वामित्व नभएका कारणले दलितलगायत भूमिहीन, कमजोर वर्ग अन्यायमा परेको र अनुदानका नाममा वितरण गरिने राज्यकोष तथा कार्यक्रमबाट भूमिपति मात्रै लाभान्वित हुने अवस्था अन्त्य गर्न जरूरी रहेको बताए। न्याय, समानता र सम्मानका लागि दलित महिलाहरूको प्रदेश सम्मलेन' भन्ने नारासहित आयोजित सम्मेलनमा मधेस प्रदेशका आठ जिल्लाका करिब दुई सयजनाको सहभागिता रहेको सङ्घका नवनिर्वाचित प्रदेश अध्यक्ष रिङ्कुदेवी मण्डलले जानकारी दिए।

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बूक, खाता | क्यालेन्डर, ब्रोसर, पोस्टर | विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी | भिजिटिङ कार्ड | फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

# लागूऔषध दुर्व्यसनविरुद्ध सचेतना कार्यक्रम

प्रस, वीरगंज, २४ वैशाख/

पटेर्वासुगौली गाउँपालिका-५, निचुटा माविमा कार्यक्रम सम्पन्न भएको हो ।


कार्यक्रममा विद्यार्थीहरूलाई प्रशिक्षण दिँदै संस्थाका पदाधिकारीहरू । तस्वीर सौजन्यः सानो पाइला

निचुटास्थित नेपाल राष्ट्रिय माध्यमिक विद्यालयमा लागूऔषध दुर्व्यसनविरुद्ध सचेतना कार्यक्रम सम्पन्न भएको छ ।

पटेर्वासुगौली गापा र सानो पाइलाको संयुक्त आयोजनामा 'एक्शन फर ड्रग फ्रि कम्युनिटी' नामक अभियान अन्तर्गत कार्यक्रमको उद्घाटन सत्रलाई सम्बोधन गर्दै गाउँपालिका अध्यक्ष दिनेश चौधरीले लागूऔषध जस्तो विकराल समस्याको समाधानको लागि सबैको साथ अनिवार्य रहेको बताए । गाउँपालिका क्षेत्रभित्र व्याप्त रहेका समस्याहरूको समाधानका लागि गाउँपालिका सदैव प्रयासरत रहेको उनले बताए ।

कार्यक्रममा गापा उपाध्यक्ष ममता महतोले पढ्ने उमेर समूहका युवाहरू लागूऔषधको दलदलमा फस्ने सम्भावना हुने प्रति चिन्ता व्यक्त गरिन् । उनले विद्यार्थीहरूलाई सही मार्गमा हिंड्नका लागि सबैले प्रेरित गर्नुपर्ने आवश्यकता रहेको बताइन् ।

अभियानस्वरूप प्रत्येक वडामा आयोजन हुने कार्यक्रममा सामुदायिक पुनर्स्थापना केन्द्रका कार्यक्रम संयोजक राजकुमार तामाङ र इलाका प्रहरी कार्यालय पटेर्वासुगौलीका प्रहरी निरीक्षक रामराजा केशरीले सहभागी विद्याथीहरूलाई लागूऔषध दुर्व्यसन र यसले पार्ने नकारात्मक प्रभावका विषयमा प्रशिक्षण दिएका थिए ।

करीब १५० जना विद्यार्थीहरूको सहभागितामा सम्पन्न कार्यक्रममा विद्यालयका प्रधानाध्यापक श्याम घिमिरे, जीतु चौधरीलगायतको उपस्थिति थियो ।


## आगलागी हुन नदिन चनाखो बनौं ।

**आगलागीबाट बच्न,**

- खाना पकाइसकेपछि आगो, ग्याँस चुल्हो, स्टोभ वा हिटर निभाऔं ।
- सिलिन्डरको रेगुलेटर, पाइप वा चुलोबाट ग्याँस लिक भए नभएको यकीन गरौं ।
- ग्याँसको गन्ध आए बेवास्ता नगरौं ।
- सलाई, लाइटर बालबालिकाले भेटाउने ठाउँमा नराखौं ।
- दाउरा बालेर खाना पकाइसकेपछि पानी छ्यापेर आगो निभाऔं ।
- चुरोट, तमाखु, चिलिम, सुल्पा नखाऔं । खाएमा आगो राम्ररी निभाऔं ।
- बिजुलीका तार, प्लग, स्वीच वा वायरिङ ठीक अवस्थामा भए नभएको जाँच गरौं ।
- घरबस्तीनजीकै पोखरी, टङ्की वा अरू कुनै तरीकाले पानीको जोहो गरिराखौं ।

**आगलागीजन्य विपत्हरूबाट बच्न चनाखो बनौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड



Make your stay with us is a
*memorable experience*



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


# खेलकूदको संसार

## हिमालयन एक्सट्रिम ट्रायथलन'को उपाधि पिटर र तारा मिरान्डालाई

कास्की, २४ वैशाख/रासस

विश्वकै कठिनमध्येमा मानिने 'हिमालयन एक्स्ट्राई वर्ल्ड टुरएक्सट्रिम ट्रायथलन'को उपाधि पुरुषतर्फ चेक रिपब्लिकका पिटर भाब्रोसेक र महिलातर्फ अमेरिकाका तारा मिरान्डा पार्सोन्सले जितेका छन् ।


तस्वीरः रासस

शनिवार बिहान ४ बजे पोखराको फेवातालमा पौडीबाट शुरू भएको सो प्रतियोगिता आज बिहान कास्कीको माछापुच्छ्रे गाउँपालिका-८ ल्वाङमा आएर समापन भएको हो । त्यस क्रममा सहभागी खेलाडी समुद्र सतहबाट चार हजार तीन सय मिटर उचाइको मर्दी हिमालको 'भ्यु प्वाइन्ट'सम्म पुगेका थिए । पुरुषतर्फ च्याम्पियन बनेका पिटरले फेवातालमा तीन किमी आठ सय मिटर पौडी त्यसपछि १५० किमी साइक्लिङ र ४३ किमी दौड १६ घण्टा ५१ मिनेट १९ सेकेन्डमा पूरा गरेका थिए । यसैगरी, इटालीका जिओभानी बोर्रटालासोले निर्धारित दूरी १७ घण्टा ५८ मिनेट आठ सेकेन्डमा पार गरी द्वितीय र रसियाका इलिया बब्लिकले निर्धारित दूरी पूरा गर्न १८ घण्टा ३४ मिनेट १२ सेकेन्ड समय लगाउँदै तृतीय भए ।

महिलातर्फ उपाधि विजेता मिरान्डाले निर्धारित दूरी पार गर्न १८ घण्टा २० मिनेट ५४ सेकेन्ड समय लगाएकी थिइन् । महिलातर्फ फ्रान्सकी बेनेडिक पेरोनले १९ घण्टा ४९ मिनेट १९ सेकेन्डमा तोकिएको दूरी पार गर्दै द्वितीय स्थान हासिल गरिन् । चेक रिपब्लिककी भेरोनिकाले २४ घण्टा २८ मिनेट २५ सेकेन्ड समय लगाइन् ।

प्रतियोगितामा २२ देशका ३६ खेलाडीले प्रतिस्पर्धा गरेको आयोजक हिमालयन एक्सट्राई नेपालका रेस डाइरेक्टर रिक्की योञ्जनले जानकारी दिए । प्रतियोगीले फेवातालमा पौडीको प्रतिस्पर्धा सम्पन्न गरेपछि १७५ किमी साइकल दौड शुरू गरेका थिए । पोखराको लेकसाइडबाट शुरू भएको साइकल दौड सराङकोट, लुम्ले, नयाँ पुल, कुश्मा हुँदै बागलुङ पुगेर त्यहाँबाट पुनः फर्किएर कुश्मा, नयाँ पुल हुँदै कास्कीको अन्नपूर्ण गाउँपालिकाको काँडेमा आएर साइक्लिङ सम्पन्न भएको थियो ।

त्यसपछि ४३ किमी लामो दौड शुरू भएको थियो । काँडेबाट शुरू भएको दौड अस्ट्रेलियन क्याम्प, देउराली, हाइ–क्याम्प, लोक्याम्प, मर्दी हिमाल भ्यू पोइन्ट (चार हजार तीन सय मिटर) छोएर सोही बाटो हुँदै फर्किएर माछापुच्छ्रे गाउँपालिकाको ल्वाङमा समापन भएको योञ्जनले बताए । प्रतियोगितामा बेलायत, अमेरिका, अस्ट्रेलिया, नेदरल्यान्ड, ग्रीस, रसिया, चेक रिपब्लिक, इस्टोनिया, बङ्गलादेश, भारतलगायत मुलुकबाट पाँच महिला र ३१ पुरुष खेलाडी सहभागी थिए ।

ल्वाङमा आयोजित समापन कार्यक्रममा राष्ट्रिय खेलकूद परिषद्का सदस्य–सचिव टङ्कलाल घिसिङले साहसिक प्रतियोगिताले नेपाललाई विश्वभर चिनाएको बताए । पर्यटन प्रवर्द्धनसँगै यस्तो खालको प्रतियोगितालाई संसारले चासोपूर्वक हेरिरहेको उनको भनाइ छ । सदस्य–सचिव घिसिङले भने, "विश्वका उत्कृष्ट खेलाडी नेपालमा आएर प्रतियोगितामा सहभागी भएकाले विश्वभर यहाँका बारेमा राम्रो सन्देश दिएको छ ।"

नेपाल ट्रायथलन सङ्घका केन्द्रीय अध्यक्ष तथा नेपाल ओलम्पिक कमिटीका महासचिव निलेन्द्रराज श्रेष्ठले नेपालका लागि प्रतियोगिता अत्यन्त महत्त्वपूर्ण रहेको बताए । "यो फरक प्रकारको खेलकूद प्रतियोगिता हो, यसमा खेलाडीको अदम्य साहस आवश्यक हुन्छ, हाम्रोजस्तो मुलुक विशेषगरी पोखरा शहर यो खेलका लागि सर्वश्रेष्ठ ठाउँसमेत हो, यसबाट नेपालको पर्यटन प्रवर्द्धनसँगै आर्थिक उन्नतिको मार्गचित्र कोर्न सकिन्छ," श्रेष्ठले भने ।

# साइकल, रिक्शा, ठेलामा चम्किलो स्टिकर टाँस


तस्वीरः सौजन्य

प्रस, वीरगंज, २४ वैशाख/

समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत सामुदायिक सेवा केन्द्र श्रीपुर मुर्ली वीरगंजले आइतवार साइकल, रिक्शा, ठेलागाडामा चम्किलो स्टिकर टाँस गरेको छ ।

सवारी दुर्घटना रोकथाम नियन्त्रण गर्न ५० वटा साइकल, ४० वटा ठेला, २० वटा रिक्शामा चम्किलो स्टिकर टाँस गरिएको केन्द्रका सचिव कुलनारायण प्रधानले बताए ।

कार्यक्रममा प्रहरी वरिष्ठ हवलदार गणेशप्रसाद यादवलगायतले साइकल, रिक्शा, ठेलामा चम्किलो स्टिकर टाँस गरेका थिए ।

# अवैध गरगहनासहित एकजना पक्राउ

प्रस, वीरगंज, २४ वैशाख/

जिल्ला प्रहरी कार्यालय, पर्साको टोलीले प्राप्त सूचनाको आधारमा भारतबाट अवैधरूपमा सुन, हीरा तथा विभिन्न किसिमका पत्थरहरू नेपाल भित्र्याइरहेको समयमा एकजनालाई पक्राउ गरेको छ ।


तस्वीरः सौजन्य

शुक्रवार दिउँसो ११ बजेको समयमा वीरगंज महानगरपालिका-१६ शङ्कराचार्य गेटस्थित सडकखण्डमा चेकजाँच गर्दा ज्याकेटभित्र सुनजस्तो देखिने पहेंलो धातुको सिक्री २७ थान ९२२४.८ ग्राम, हीरा जस्तो देखिने टल्कने कालो सेतो पत्थर २१.९ ग्राम, पोल्की हीराजस्तो देखिने पत्थर ५.२० ग्राम, हरियो पन्ना जस्तो देखिने पत्थर ६.७८ ग्राम, रातो रुबी जस्तो देखिने पत्थर ८.४९ ग्राम, नीलो रङको निजम २.३८ ग्राम, तलमरी पत्थर ७२ ग्राम, रूबी जस्तो देखिने रातो पत्थर २१ ग्राम, रातो रङ्गको (आर्टिफिसियल) स्टोन ११.६०० ग्राम बरामद गरेको छ ।

पक्राउ पर्नेमा ४५ वर्षीय भारत, हौंडा जिल्ला डोमजुर गाउँ बदमपुरटोल निवासी बुद्धदेव मैती रहेका छन् । उनलाई थप अनुसन्धानको लागि राजस्व अनुसन्धान कार्यालय, पथलैयाको जिम्मा लगाएको प्रहरीले बताए ।

बरामद धातुको मूल्य २९ लाख ४४ हजार ६३३ रहेको छ ।

### पार्टी निष्कासन ...

महीनाको लागि निलम्बन गरेका थिए । अध्यक्ष थारू स्वयम् पर्सा क्षेत्र नं ४ (१) बाट प्रदेशसभा सदस्यका उम्मेदवार थिए र पराजित भए । आफू अध्यक्ष भएको बखत नै उनले निर्वाचनमा पार्टी उम्मेदवारविरुद्धको गतिविधिमा लागेको भन्दै निलम्बन गरेका थिए तर पछि चैत ७ गते उनी अध्यक्ष रहेको जिल्ला कमिटी नै विघठित गरेर एमाले पार्टीले छ महीनाभित्र अधिवेशन गर्नेगरी डा विश्वम्भर शर्माको संयोजकत्वमा पर्सा जिल्ला अधिवेशन आयोजक समिति गठन गरेको थियो ।

### अर्थतन्त्र सुधारलाई ...

विकासका साथै स्टार्टअपलाई प्रोत्साहन गरी नयाँ उद्यमीलाई आकर्षित गरिने जनाइएको छ ।

"शिक्षा क्षेत्रको विकासमार्फत ज्ञानमा आधारित अर्थतन्त्रको आधारस्तम्भ तयार गरिनेछ । आधारभूत शिक्षामा सबै बालबालिकाको पहुँच पुऱ्याइनेछ । विद्यालयमा शिक्षाको गुणस्तर सुधार गरिनेछ," बजेटका प्राथमिकतामा भनिएको छ, "प्राविधिक शिक्षामा जोड दिइनेछ । उच्च शिक्षालाई उत्पादनमूलक र अनुसन्धानमूलक बनाइनेछ ।"

ठूला र रणनीतिक महत्त्वका भौतिक पूर्वाधार आयोजनालाई उच्च प्राथमिकतामा राख्ने जनाइएको छ । "काठमाडौं-तराई मधेस द्रुतमार्ग, पूर्वपश्चिम जोड्ने लोकमार्ग र उत्तरदक्षिण जोड्ने करिडोर निर्माण कार्यलाई तीव्रता दिइनेछ । सबै स्थानीय तहको केन्द्रलाई नजीकको सडक सञ्जालसँग जोडिनेछ," बजेटका प्राथमिकतामा भनिएको छ ।

आन्तरिक आवश्यकता पूरा गरेर निर्यातमार्फत देशको आयको मुख्य स्रोतका रूपमा ऊर्जा रहने गरी जलविद्युत् क्षेत्रको विकास गरिने जनाइएको छ । त्यस्तो विद्युतीय यातायातको प्रयोग र घरायसी विद्युत् खपतलाई बढावा दिइने जनाइएको छ ।

सूचना प्रविधि क्षेत्रलाई उद्योगकारूपमा विकास गर्ने विषय सरकारको प्राथमिकतामा परेको छ । त्यस्तै, सूचना प्रविधिको व्यवसायिकीकरण तालीम सञ्चालन गरी सेवा निर्यात बढाइने जनाइएको छ ।

आगामी आर्थिक वर्षको बजेटमार्फत पर्यटन व्यवसायलाई आयआर्जन, रोजगार र विदेशी मुद्रा आर्जनको महत्त्वपूर्ण क्षेत्रका रूपमा विकास गरिने सरकारको योजना छ ।

"कोभिड-१९ महामारीपछि पुनजागृत हुँदै गरेको पर्यटन क्षेत्रलाई थप गति दिन प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरिनेछ । महत्त्वपूर्ण धार्मिक, ऐतिहासिक र सांस्कृतिक स्थलहरूको विकास र अन्तर आबद्धता कायम गरी पर्यटन प्रवर्द्धन गरिनेछ," बजेटका सिद्धान्त तथा प्राथमिकतामा भनिएको छ ।

वन सम्पदाको संरक्षणका साथै समुचित उपयोग प्रणालीलाई व्यवस्थित गरिने, देशको आर्थिक विकासमा युवाको सहभागिता र उद्यमशीलता प्रवर्द्धन गर्ने, महिलाका लागि उद्यमशीलता र रोजगार प्रवर्द्धन गर्नेलगायतका विषयहरू पनि आगामी आर्थिक वर्षको बजेटको प्राथमिकतामा परेका छन् ।

त्यसैगरी, मित्रराष्ट्रहरूसँग सन्तुलित र आपसी हित अभिवृद्धि गर्नेगरी परराष्ट्र नीति अवलम्बन गर्ने, छिमेकी एवं उदीयमान अर्थतन्त्र भएको देशबाट लाभ प्राप्त गर्नेगरी आर्थिक कूटनीति सञ्चालन गर्ने, बहुपक्षीय सङ्संस्थासँगको सम्बन्ध नेपालको हित र आर्थिक सुरक्षा संवर्द्धन गर्नेतर्फ लक्षित गर्ने विषयलाई पनि सरकारले आगामी आर्थिक वर्षको प्राथमिकतामा राखेको छ ।